'विकासको संस्कृति सही रूपमा अघि बढिरहेको छ' पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक २८ • २०८२ साल असार ३ गते मंगलबार (17 June, Tuesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## बजेटमा प्रदेश सरकारहरूको मनपरी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशप्रदेशलगायतकाप्रदेशसरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि ल्याएको बजेटमा मनपरी देखिएको छ ।



असार १ गतेभित्रै बजेट ल्याउनुपर्ने कानूनी व्यवस्थाअनुसार सातै प्रदेश सरकारले बजेट ल्याएका छन् । कतिपय प्रदेशले ल्याएको बजेटमा स्रोतको ख्यालै नगरी वितरणमुखी कार्यक्रममा बजेटको समेत केन्द्रको सिको गर्दै संग्राहालयदेखि अनेकौं शीर्षकमा ठूलो बजेट राखेर अघि बढाउन खोजेका छन् । मौलिकतासहितको बजेट ल्याउनु भन्दा पनि संघ सरकारको नक्कल गर्दै प्रदेश सरकारले पनि मुख्यमन्त्री र मन्त्रीका नाममा कार्यक्रम अगाडि सार्ने होडवाजी नै चलेको छ ।

मधेश प्रदेशले 'हात-हातमा सवारी, घर-घरमा रोजगारी' भन्ने लगायतका विभिन्न आकर्षकीय र सस्तो लोकप्रियतावाला नाराका साथ मुख्यमन्त्री स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेको छ । मुख्यमन्त्री आवास सुरक्षा योजना कार्यक्रम, मुख्यमन्त्री घरदैलो स्वास्थ्य सेवा कार्यक्रम, एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम, महेन्द्रनारायण निधि विपन्न आवास योजना र विपन्नसँग मदन भण्डारी विपन्न आवास कार्यक्रमलाई निरन्तरता दिँदै बजेट विनियोजन गरिएको देखिन्छ ।

प्रदेश सरकारले समेतसांसदहरुलाईविकासनिर्माणको नाममा बजेट विनियोजन गरी रकम छुट्याउने परम्परालाई समेत यथावत राखेर अदालतलाई समेत ढाँट्ने कामलाई निरन्तरता दिने भएको छ ।

मुख्यमन्त्री, मन्त्री र नेताहरूका नाममा कार्यक्रम घोषणा गर्नेमा पनि अन्य प्रदेश झैं मधेश प्रदेश पनि अग्रस्थानमै पर्छ ।

प्रदेश सरकारले कार्यक्रमसहितको बजेट ल्याउँदै गर्दा उनीहरूको स्रोत त्यति बलियो भने देखिएको छैन । अधिकांश प्रदेश संघीय सरकारमै निर्भर देखिएका छन् । संघीय सरकारले वित्तीय हस्तान्तरण गरेको स्रोतमै उनीहरूले कार्यक्रम तथा योजना बनाएका छन् ।

बजेटमा प्रदेशको राजश्वको क्षमताको आधार कमजोर देखिएको छ भने चालू वर्षमा खर्च गर्न नसकेको मौज्दातलाई आगामी बर्षमा खर्च गर्ने लक्ष्य प्रदेश सरकारको छ । कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश र सुदूरपश्चिम प्रदेशले चालु आर्थिक वर्षको तुलनामा बजेटको आकार बढाएका छन् ।

आन्तरिक राजश्व स्रोतको सीमितता र संघबाट प्राप्त हुने अनुदान कटौतीको कारण देखाउँदै गण्डकी र लुम्बिनीले बजेट घटाएका छन् । मधेश प्रदेश र गण्डकी प्रदेश सरकारले घाटाको बजेट प्रस्तुत गर्दै अपुग रकमका लागि आन्तरिक ऋण उठाउने लक्ष्यसहितको तयारीसमेत गरेको देखिन्छ ।

स्रोतमा बलियो नभए पनि वितरणमुखी कार्यक्रममा बजेट ल्याउनेदेखि बजेटमा मनपरी गर्नुले संघीयताको मर्ममाथि नै असर गर्नसक्ने जोखिम रहेको छ ।

### किर्ते नागरिकता जालसाजी प्रकरण

## मेयर सिंहविरुद्ध उच्च अदालतद्वारा कारबाही प्रक्रिया अघि बढाउन आदेश

**अनिल तिवारी**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहविरुद्धको नागरिकता किर्ते प्रकरण सन्दर्भमा उच्च अदालतले कारबाही प्रक्रिया अघि बढाउन आदेश दिएको छ ।




अनुसन्धानमा विलम्ब भएको भन्दै उच्च अदालत जनकपुरमा परेको रिटमाथिको पहिलो पेशीमा पर्सा प्रहरीले हालसम्म गरेको अनुसन्धान प्रतिवेदन पेश गर्न आदेश दिइएको छ ।

उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्ज इजलाश नम्बर ३ का न्यायाधीश दुर्गाबहादुर विश्वकर्मा र हरिराज कार्कीको संयुक्त इजलासले मेयर सिंहको नागरिकता किर्ते प्रकरणमा दर्ता भइ कारबाहीबारे जिल्ला प्रहरी कार्यालय पर्साले अनुसन्धान गरेको सन्दर्भमा जवाफ माग गर्दै नियमानुसार पेश गर्न आदेश गरेको छ ।

पर्सा प्रहरीमा २०८० साल फागुन २४ गते भएको मुद्दा दर्तामा अनुसन्धान प्रक्रिया अगाडि नबढाएको भन्दै उच्च अदालत वीरगञ्जमा जिल्ला प्रहरी कार्यालय पर्सा, जिल्ला सरकारी वकिल कार्यालय र प्रहरी उपरीक्षकलाई विपक्षी बनाई दायर भएको परमादेश निवेदनमा लिखित जवाफ पेश गर्न पर्सा प्रहरीलाई निर्देशन दिएको थियो ।

वीरगञ्ज-३ का लियाकत अलीले मेयर सिंहले अर्काकी छोरीलाई आफ्नी छोरी बनाइ झुटो विवरणमार्फत नागरिकता दिलाएको विषयमा कारबाही प्रक्रिया अगाडि नबढाइएको आरोपसहित निवेदन दर्ता गरेपछि नागरिकता किर्ते अनुसन्धान शुरु भएको छ ।

वीरगञ्जका मेयर सिंहमाथि अर्काकी छोरीलाई आफ्नी छोरीका रूपमा देखाएर किर्ते जन्मदर्ता, सिफारिस र विवाहदर्ताका कागजात तयार गरी नागरिकता दिलाएका छन् । पीडितका अनुसार सिंहले तत्कालीन पञ्जिका अधिकारी भिखारी रायको किर्ते हस्ताक्षर प्रयोग गरेर नागरिकता प्रक्रियामा किर्ते कागजात पेस गरेका छन् । स्वयम् भिखारी रायले समेत यस विषयमा प्रहरी र अख्तियारमा बयान दिइसकेका छन् ।

मेयर सिंहविरुद्धको उजुरी गृह मन्त्रालय सहित सात ठाउँमा परे पनि हालसम्म कुनै ठोस अनुसन्धान र कारबाही नहुँदा उनी पद र पहुँचको आडमा कानुनको उपाहास गरिरहेको आरोप निवेदकले लगाएका छन् । गृह मन्त्रालयले पनि तत्कालीन सहसचिव पुष्कर राणाको संयोजकत्वमा छानबिन समिति बनाए पनि प्रतिवेदन सार्वजनिक गरिएको छैन ।

छानबिन समिति फर्किएको अर्कोदिन मेयर सिंहले आफ्नो दोस्रो पत्नीका रूपमा रिता भट्टराईलाई खडा गरी अंश र सम्बन्धविच्छेदको मुद्दा दायर गराएका थिए । तर अदालतले उक्त मुद्दा किनारा लगाएको छ ।

निवेदनमा नेपालको संविधानको धारा १८ को उपधारा १ मा सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनी संरक्षणबाट वञ्चित गरिनु नहुने व्यवस्था उल्लंघन भएको उल्लेख छ । विपक्षी अधिकारीहरूले कानुनद्वारा निर्दिष्ट कार्य नगरी गम्भीर लापरवाही गरेको आरोप निवेदकले लगाएका छन् ।

मेयर सिंहले तत्कालीन पञ्जिका अधिकारी भिखारी रायको किर्ते हस्ताक्षर प्रयोग गरेर नागरिकता प्रक्रियामा किर्ते कागजात पेस गरेका आरोप छ ।

पर्सा प्रहरीको प्रारम्भिक लिखित जवाफमा अनुसन्धान भइरहेको उल्लेख भए पनि अदालतले ठोस प्रगति विवरण माग गर्दै थप चासो देखाएको छ । मेयर सिंहले राजनीतिक पहुँच र सत्ताको आडमा फौजदारी मुद्दामा समेत कारबाहीबाट बच्न सफल भएको विपक्षीहरू आरोप लगाउने गरेका छन् ।


वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपानेले नागरिकता ऐन विपरीत फर्जी कागजपत्र बनाएर नागरिकता लिने छोरी, बाबु बनेर सनाखत दिने मेयर सिंह र नागरिकता जारी गर्ने अधिकारीहरुलाई एक वर्षदेखि ५ वर्षसम्म कैद र जरिवाना हुने जानकारी दिए ।

उनले भने, 'यो विषय नागरिकता किर्ते जालसाजी हो । यसरी नागरिकता लिने र दिने दुवै कानुनको नजरमा दोषी हुन्छन्,' वरिष्ठ अधिवक्ता न्यौपानेले अघि थप्दैं भने, 'अझ नागरिकता पाउने व्यक्ति विदेशी मुलुकको हो भने सजाय अझै कडा हुन्छ ।'

नक्कली बुवा बनेर नागरिकता दिलाएको विषयमा मेयर सिंह केही बोल्न चाहिरहेका छैनन् । नितान्त व्यक्तिगत कुरालाई उचालेर राम्रो काम गरिरहेको आफूलाई हतोत्साही बनाउन खाजेको मेयर सिंहले आरोप लगाएका छन् ।

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी
जनकपुरधाम स्थित होटल

ANJANI SUITE










विशेषताहरू
- लक्जरीयस रुमहरु
- ठूलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फ्रेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा


लु बाट बच्ने उपायहरू























रामगोपालपुर नगरपालिका
रामगोपालपुर, महोत्तरी, मधेश प्रदेश

# अष्ट्रेलियामा सर्भर राखेर कर छली




काठमाण्डु । काठमाडौँको तीनकुनेमा रहेको एक कम्पनीका शेयरधनी तथा सञ्चालकहरुले अष्ट्रेलियामा सर्भर राखेर मिलेमतोमा करोडौँको कर छली गरेको पाइएको राजस्व अनुसन्धान विभागले जनाएको छ।

त्यसरी कर छलीमा काठमाडौँ महानगरपालिका-३२ तीनकुनेस्थित नेपाल क्यान मुभ प्रालिका शेयरधनी/सञ्चालकहरु सुदीप आचार्य, जीवन ज्ञवाली, गङ्गाबहादुर थापा, मनिषप्रसाद आचार्य, मिठु पौडेल र उप-कार्यकारी निर्देशक सङ्गम पौडेल संलग्न रहेको अभियोगमा मुद्दा चलाइएको विभागकी उपमहानिर्देशक एवं प्रवक्ता कृष्णकुमारी श्रेष्ठले जानकारी दिनुभयो।

प्रवक्ता श्रेष्ठले उनीहरूले मिलेमतोमा ६८ करोड ४४ लाख ५७६० रुपैयाँ बिगो बराबरको कर छली गरेको दाबीसहित त्यसको शत्प्रतिशत जरिवानासमेत गरी रु एक अर्ब ३६ करोड ८८ लाख ११ हजार ५२० असुल उपर गर्नुपर्ने मागदाबीसहित उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको जानकारी दिनुभयो।

मतियारका रूपमा काम गरेकाले उप-कार्यकारी निर्देशक सङ्गम पौडेलको हकमा भने अन्य आरोपीको भन्दा आधा सजायको मागदाबी गरिएको छ।

विभागले उक्त कम्पनीको कारोबारस्थलमा गरेको आकस्मिक निरीक्षणबाट आफ्नो व्यावसायिक कारोबारका लागि प्रयोगमा ल्याएको अनलाइन प्रणाली नियन्त्रणमा लिई आव २०७६/०७७ देखि आव २०८१/८२ को फागुन महिनासम्मको कारोबार खुल्ने ट्रायल ब्यालेन्सलगायत महत्त्वपूर्ण कागजात तथा प्रमाणहरू रितपूर्वक बरामद गरी अनुसन्धान गर्दा कम्पनीले उक्त पोर्टलको सर्भर अष्ट्रेलियामा राखी सेवा बिक्रीको ठूलो कारोबार आन्तरिक राजस्व विभागमा पेस गरेको मूल्यअभिवृद्धि कर आय विवरणमा नदेखाई बिक्री आय लुकाई ठूलो परिमाणमा मूल्य अभिवृद्धि कर तथा आयकर छली गरेको पाइएको जनाएको छ।

उक्त करछलीका सम्बन्धमा अनुसन्धान गर्दा शेयरधनी/सञ्चालकहरू सुदीप आचार्य, जीवन ज्ञवाली, गङ्गाबहादुर थापा, मनिषप्रसाद आचार्य, मिठु पौडेल र उप-कार्यकारी निर्देशक सङ्गम पौडेल संलग्न रहेको पाइएपछि उनीहरूविरुद्ध मुद्दा चलाइएको विभागले जनाएको छ।

दायर अभियोजनमा प्रस्तुत मुद्दामा कार्गो तथा कुरियर व्यवसाय गर्ने प्रतिवादीहरुले व्यावसायिक कारोबार गन एनसिएम पोर्टल आव २०७६/७७ देखि नै सञ्चालनमा ल्याएकामा नेपालको कर प्रशासनको निगरानीलाई छल्न उक्त पोर्टलको सर्भर अष्ट्रेलियामा राखी नेपालमा सेवा बिक्री लुकाउने/छिपाउने कार्य गरेको दाबी गरिएको छ।

अनुसन्धानका क्रममा उक्त कम्पनीले अधिकांश शेयर स्वामित्व भएका प्रतिवादीहरू सुदीप आचार्य (५५.३३ प्रतिशत) र जीवन ज्ञवाली (१६ प्रतिशत) लाई विभागले पटकपटक ताकेता गर्दासमेत उपस्थित नभई फरार रहेको विभागले जानकारी दिएको छ । कम्पनीले सेवा बिक्रीलाई तोडमोड गरी म्यानुअल तवरले बिलिङ गरी वास्तविक बिक्री कारोबार लुकाएको पाइएकाले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ विपरित कार्य गरी विभिन्न तवरले रु ६८ करोड ४४ लाख ५७६० रुपैयाँ बिगो बराबरको कर छली गरेको विभागको दाबी छ।

प्रतिवादीहरू सुदीप आचार्य, जीवन ज्ञवाली, गङ्गाबहादुर थापा, मनिषप्रसाद आचार्य, मिठु पौडेल र उप-कार्यकारी निर्देशक सङ्गम पौडेलसमेतले एकापसमा मिलोमतो गरी उक्त कम्पनीको सर्भर अष्ट्रेलियाबाट सञ्चालन गरेर नेपालको कर प्रशासनको पहुँचभन्दा बाहिर राखी मूल्य अभिवृद्धि कर र आयकरसमेत छली गरेको तथ्य प्रमाणि भएको विभागले जनाएको छ।

विभागल भनेको छ, "उनीहरूले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेध गरेको कार्य तथा सोही ऐनको दफा ४ को खण्ड (क), (च) र (झ) बमोजिमको कसुर गरेको देखिएकाले प्रतिवादी शेयरधनी/सञ्चालकहरू सुदीप आचार्य, जीवन ज्ञवाली, गङ्गाबहादुर थापा, मनिषप्रसाद आचार्य र मिठु पौडेलसमेतलाई विस्तृत अनुसन्धान तथा तहकिकात प्रतिवेदनको बिगो गणना तालिकाअनुसार बिगो रकम असुल गर्ने तथा बिगोको शत्प्रतिशत जरिवानासमेत गरी एक अर्ब ३६ करोड ८८ लाख ११ हजार ५२० असुलउपर गरी त्यसबाट कानुनसम्मत् ब्याजसमेत लगाई कैद सजायको मागदावी लिइएको छ।"

यता कम्पनीका उप-कार्यकारी निर्देशक सङ्गम पौडेलले मतियारका रूपमा काम गरेको दाबीसहित विभागले मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुन छ । रासस

# व्यावहारिक र लागू गर्न सकिने बजेट आएको छः सांसदहरु

काठमाण्डु । आगामी आर्थिक वर्ष २०८२/८३ का लागि सरकारले संसद्मा प्रस्तुत गरेको बजेट व्यवहारिक र लागू गर्न सकिने भएको सांसदहरुले सदनमा धारणा राखेका छन् । प्रतिनिधिसभा बैठकमा आगामी आवको राजस्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा भाग लिँदै उहाँहरुले बजेटबारे सकारात्मक प्रतिक्रिया दिनुभएको हो ।

सांसद उदयशम्शेर जबराले आगामी आर्थिक वर्षका लागि विनियोजन गरिएको बजेट व्यावहारिक र लागू गर्न सकिने रहेको बताउनुभयो । निराश रहेका निजी क्षेत्रलाई उत्साह दिने गरी बजेट आएको उहाँको भनाइ थियो । स्टार्ट अपका लागि पाँच वर्षका लागि कर छुटले नयाँ उद्यमीलाई उत्साह दिने सांसद राणाले बताउनुभयो ।

"बजेटमा निर्यात प्रवर्द्धनलाई प्राथमिकता दिनु स्वागतयोग्य कुरा हो", उहाँले भन्नुभयो । विसं २०८१ असोजमा गएको बाढीबाट ठूलो धनजनको क्षति भए पनि रु एक खर्ब १९ अर्ब पूनःनिर्माणका लागि छुट्याइएको उल्लेख गर्दै उहाँले उक्त बजेट अपुग रहेको बताउनुभयो ।

सांसद भगवती चौधरीले बजेटको सन्तुलित, यथार्थपरक र स्रोत सुनिश्चितता तथा सम्भावना र प्रभावकारितालाई केलाउँदै अर्थपूर्ण प्रतिफल आउन सक्ने बताउनुभयो । "बजेट कार्यान्वयनमा आउने चुनौती धेरै छन् । बजेट पूर्ण रुपमा कार्यान्वयन गर्न सकारात्मक पहल गर्नुपर्छ," उहाँले भन्नुभयो । बजेटले नयाँ पुस्तालाई स्वदेशमा नै अवसर प्रदान गर्नेगरी योजना बनाएको भन्दै सांसद चौधरीले सूचना प्रविधिमा युवा पुस्तालाई आकर्षण गर्ने योजना प्रंशनीय रहेको बताउनुभयो ।

सांसद नगिना यादवले मुलुकको आर्थिक समस्या समाधान गर्नेगरी बजेट आए पनि कार्यान्वयनमा भने चुनौती रहेको बताउनुभयो ।



"बहुमतले बलियो बजेट ल्याउन त सक्थ्यो, आर्थिक समस्याबाट मुलुकलाई मुक्त गर्न सकिन्थ्यो । तर, छिटो आर्थिक लाभ दिने किसिमको बजेट आउन सकेको छैन," उहाँले भन्नुभयो, "सङ्घीय कानुन बनाएर कर प्रणालीलाई सहज बनाउनुपर्छ ।" मधेश प्रदेशलाई उपेक्षा गरी बजेट विनियोजन भएको उहाँको आरोप थियो ।रासस

# वातावरण संरक्षणमा तीनै तहको हातेमालो अपरिहार्य



**टुडे समाचारदाता**

जनकपुरधाम । जलवायु परिवर्तनका विकराल असर, बाढी, पहिरो र चुरे विनाशजस्ता गम्भीर वातावरणीय चुनौतीहरूको सामना गर्न मधेश प्रदेशमा सञ्चालित 'रेन' परियोजनालाई थप प्रभावकारी बनाइने भएको छ।

सो बैठकमा सरोकारवाला निकायहरूबीच समन्वय र सहकार्यलाई थप सशक्त बनाउने विषयमा जोड दिइएको थियो।

वन तथा वातावरणमन्त्री सञ्जयकुमार यादवले वातावरणीय चुनौतीहरूलाई सम्बोधन गर्न सरकारी प्रयास एक्लै पर्याप्त नहुने कुरामा जोड दिए। उनले स्थानीय, प्रदेश र संघीय सरकारका साथै गैरसरकारी संस्थाहरूबीचको सहकार्य अपरिहार्य रहेको बताए।

मन्त्री यादवले जलवायु परिवर्तनको असर नेपालमा गहिरिँदै गएको भन्दै यसको सामनाका लागि सरकारी, गैरसरकारी र स्थानीय समुदायबीचको आपसी समन्वय अपरिहार्य रहेको बताए । उनले युवा पुस्ताको सक्रिय सहभागिता नदी सरसफाइ, वन्यजन्तु संरक्षण र जैविक विविधता जोगाउन महत्त्वपूर्ण हुने उल्लेख गर्दै युवा नेतृत्वको भूमिकामा जोड दिए।

'रेन' परियोजनाका वरिष्ठ अनुकूलन अधिकृत सन्तोषकुमार मोरबैता यादवले रौतहट, सर्लाही, धनुषा, सिरहा र महोत्तरीका १६ वटा पालिकामा परियोजनाले बाढी, पहिरो तथा वातावरणीय जोखिम न्यूनीकरण र समुदायमा सचेतना अभिवृद्धिका लागि गरिरहेका कार्यहरूको जानकारी गराए । उनले समुदायस्तरमै जोखिम न्यूनीकरण र सूचनाको पहुँच सुनिश्चित गर्न परियोजना निरन्तर क्रियाशील रहेको बताए।


वन निर्देशनालय मधेश प्रदेशका निर्देशक जगरनाथ प्रसाद जयसवालले जोखिमपूर्ण क्षेत्रका समुदायलाई सुरक्षित राख्न समयमै सूचना प्रवाहको आवश्यकतामा जोड दिँदै परियोजनाको भूमिकालाई अझ प्रभावकारी बनाउनुपर्ने धारणा राखे।

जनकपुर वन प्राविधिक समाजका अध्यक्ष रामस्वार्थ साहको अध्यक्षतामा सम्पन्न उक्त बैठकमा वन तथा वातावरण मन्त्रालयका संयोजक सुजितकुमार झाले प्रदेशभित्रको वन तथा पर्यावरण क्षेत्रमा देखिएका समस्या, चुनौती र सम्भावनाबारे बोलेका थिए।

त्यस्तै लिवर्डका संयोजक हरिकृष्ण भट्टराईले परियोजनाको प्रगतिबारे कार्यपत्र प्रस्तुत गरेका थिए।

# सभापति देउवाद्वारा नेता शास्त्रीको निधनप्रति दुःख व्यक्त

काठमाण्डु। नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवालेले पार्टीका पूर्वकेन्द्रीय सदस्य, पूर्वमन्त्री एवं समाजवादी चिन्तक ढुण्डिराज शास्त्रीको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ। शास्त्रीको काठमाडौं मेडिकल कलेज, सिंनामंगलमा उपचारका क्रममा ९० वर्षको उमेरमा सोमबार बिहान निधन भएको हो ।



सभापति देउवाले शोक विज्ञप्तिमार्फत उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्दै उहाँको आत्माको चिर शान्तिको कामना र शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गर्नुभएको छ ।शास्त्री नेपालको प्रजातान्त्रिक आन्दोलनका एक अथक योद्धा, सरल र निष्ठावान राजनीतिज्ञ, समाजवादी चिन्तक रहनुभएको पार्टी कार्यालयले जनाएको छ । कांग्रेसले सङ्गठन निर्माण र प्रजातान्त्रिक आन्दोलनहरुमा उहाँले पुऱ्याउनु भएको सक्रिय योगदान पार्टीको इतिहासमा सदा स्मरणीय रहने उल्लेख गरेको छ।

प्रजातान्त्रिक आन्दोलनका अथक योद्धा शास्त्रीको पार्थिव शरीरलाई यही असार ४ गते बिहान ९:०० बजेदेखि ११:०० बजेसम्म पार्टीको केन्द्रीय कार्यालयमा श्रद्धाञ्जलीका लागि राखिने कार्यक्रम छ ।कांग्रेसको राजनीतिमा जननायक विपी कोइराला, लौहपुरुष गणेशमान सिंह, सन्त नेता कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालालगायतका शीर्ष नेताहरूसँग निकटमा रहेर उहाँले काम गर्नुभएको थियो ।

प्रजातन्त्र पुनःस्थापनाको संघर्षका क्रममा भारतको वनारस र गोरखपुरमा उहाँले लामो समय प्रवासी जीवन बिताउनु भएको थियो । शास्त्री आम निर्वाचन २०४८ र २०५१ मा अर्घाखाँची निर्वाचन क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनु भएको थियो ।नेपालमा प्रजातन्त्र स्थापना तथा पुनःस्थापनाका क्रममा उहाँले नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको थियो ।

उहाँद्वारा लिखित 'मेरो जीवन र अनुभूति' नामक पुस्तक प्रकाशित छ ।रासस

# 'ह्विलिङ चार्ज' को विषयलाई चाँडो टुङ्ग्याउन ऊर्जामन्त्रीको निर्देशन

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले विद्युत् प्रसारण गरेवापत लिने शुल्क 'ह्विलिङ चार्ज'को विषयलाई चाँडो टुङ्ग्याउन विद्युत् नियमन आयोगलाई निर्देशन दिनुभएको छ।

सोमबार ऊर्जा मन्त्रालयमा ' ह्विलिङ चार्ज'सम्बन्धी भएको छलफलमा मन्त्री खड्काले निजी क्षेत्रलाई प्रसारण लाइन निर्माणमा ल्याइसकेकाले विद्युत् प्रसारण गर्दा लाग्ने 'ह्विलिङ चार्ज' को विषयलाई चाँडो टुङ्ग्याउन निर्देशन दिनुभएको हो ।"सरकारले लिएको ऊर्जा विकासका लक्ष्यलाई पूरा गर्न निजी क्षेत्रलाई प्रसारण लाइन निर्माणको बाटो खोलिएको छ, प्रसारण लाइन निर्माण गरेवापतको लाग्ने शुल्क टुङ्ग्याउन नसक्दा काम अगाडि बढ्न सकेको छैन, एक हप्ताभित्र 'ह्विलिङ चार्ज'को विषयलाई टुङ्ग्याउनुहोस्", मन्त्री खड्काले भन्नुभयो।



मन्त्री खड्काले निजी क्षेत्रको सहभागितामा प्रसारण लाइन निर्माण गर्ने निर्णय गरेको लामो समय भइसक्दा 'ह्विलिङ चार्ज' को विषय टुङ्ग्याउन नसक्दा समस्या परेको बताउनुभयो । रातदिन नभनी 'ह्विलिङ चार्ज' को विषयलाई टुङ्ग्याउनुपर्ने मन्त्री खड्काको भनाइ थियो ।ऊर्जामन्त्री खड्काले प्रसारण लाइनको अभावका कारण खोलामा उत्पादित विद्युत् खेर गइरहेको र सुक्खा याममा भारतबाट विद्युत् आयत गर्नुपर्ने अवस्था रहेको भन्दै अब त्यसो हुन नदिने गरी काम गर्नुपर्ने बताउनुभयो।

बैठकमा विद्युत् नियमन आयोगका अध्यक्ष डा रामप्रसाद धिताल र आयोगका सदस्य डा मधुसुदन अधिकारीले प्रसारण लाइनमा 'ह्विलिङ चार्ज'को शुल्कबारे आयोगले अहिलेसम्म गरेको तयारीबारे मन्त्री समक्ष प्रस्तुत गर्नुभएको थियो। रासस

## पर्यटन पूर्वाधारको विकास प्राथमिकतामा छ : मन्त्री दाहाल

काठमाण्डु। भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले पर्यटन पूर्वाधार विकास सरकारको उच्च प्राथमिकतामा रहेको बताउनुभएको छ। अठारौँ गणतन्त्र दिवसका अवसरमा राष्ट्रिय समाचार समिति (रासस)ले आयोजना गरेको 'पर्वतीय पर्यटनः हाम्रो शान, हाम्रो पहिचान' विषयक तस्बिर प्रदर्शनी सोमबार अवलोकनपछि मन्त्री दाहालले पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका लागि पूर्वाधार विकासलाई मुख्य प्राथमिकतामा राखिएको बताउनुभयो।

"राससले महत्त्वपूर्ण पर्यटकीय स्थलहरूको तस्बिरको सङ्कलन गरेर प्रदर्शनीमा राख्दा खुसी लागेको छ। यसले नेपालको सुन्दरतालाई अझै उजागार गरेको छ," मन्त्री दाहालले भन्नुभयो, "राससले आगामी दिनमा पनि यस्तै काम गरोस्। रासस

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

| | |
|---|---|
| मेष : | आज तपाईको आत्मबल बढ्नेछ। नयाँ योजनाको थालनी गर्न सकिने समय छ। |
| वृष : | खर्चमा नियन्त्रण गर्नुहोस् । व्यापारमा सामान्य मुनाफा मिल्नेछ । |
| मिथुन : | आजको दिन साथीभाईसंग भेटघाट हुनेछ। सामाजिक क्षेत्रमा सम्मान मिल्नेछ। |
| कर्कट : | कामको चाप बढ्न सक्छ तर तपाईले सजिलै व्यवस्थापन गर्नुहुनेछ । |
| सिंह : | यात्रामा विशेष लाभ मिल्नेछ। तपाईसंग भएको ज्ञानले मानसम्मान बढ्नेछ । |
| कन्या : | सानो गल्तीले ठुलो क्षति हुन सक्छ, सजग रहनुहोस् । |
| तुला : | दाम्पत्य जीवनमा मिठास आउनेछ । व्यापारमा वृद्धि देखिन्छ । |
| वृश्चिक : | आज स्वास्थ्यमा केही समस्या देखिन सक्छ। खानपानमा ध्यान दिनुहोला । |
| धनु : | आजको दिन प्रेमसम्बन्धमा सुधार आउनेछ। |
| मकर : | परिवारसंग समय बिताउन पाउनु हुनेछ। |
| कुम्भ: | आजको दिन सृजनात्मक कार्यमा लागत बढ्नेछ। |
| मीन : | नयाँ अवसर पाउने दिन हो । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मलङ्गवा नगरपालिका-१० स्थित खेतमा पाक्नै लागेको चैतेधान । सर्लाहीको उत्तरी क्षेत्रमा अधिकांश किसानले चैतेधान खेती गर्ने गरेकोमा यसवर्ष जिल्लाको दक्षिणी भेगतीर पनि किसानले चैतेधान खेती गरेका छन् । *तस्बिर : रासस*

# दूधमा आत्मनिर्भर उन्मुख बन्दै मधेस प्रदेश



महोत्तरी । मधेस प्रदेश दूधमा आत्मनिर्भरतातर्फ उन्मुख बनेको छ । कृषि तथा पशुपक्षी मन्त्रालयअन्तर्गतको ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना आर्थिक करिडोर कार्यालय बर्दिबासको अनुदान सहयोगमा पशुपालक किसानले दुधालु मानिएका मुर्रा जातको भैंसीपालन गरेका छन् । मधेस प्रदेश चाँडै दूधमा आत्मनिर्भर बन्ने अनुमान करिडोर कार्यालयको छ ।

आयोजनाले मधेसका पूर्वपश्चिम राजमार्ग र हुलाकी मार्गले छोएका ८४ स्थानीय तहलाई समेटेको छ । यी स्थानीयतहमा पाँच हजार भन्दाबढी किसान १७९ समूहमा आबद्ध छन् । यी समूहमध्ये व्यावसायिक कार्य योजना बनाएका ११० वटा समूह अनुदान प्रकृयामा छनोट भएका छन् । हाल ११० समूहमध्ये ५८ वटा समूहलाई व्यावसायिक कार्य योजनाअनुसार अनुदानको पहिलो किस्ता उपलब्ध गराइएको छ । यीमध्ये ५० समूहमा आबद्ध किसानले भैंसीपालनको योजना बनाएको कार्यालयले जनाएको छ ।

"हामीले दूध, मासु र अन्य सागसब्जी उत्पादनका योजनालाई प्राथमिकता दिन्छौं, यसअनुसार अहिले ५० समूहका किसानले दुधालु जातका मुर्रा भैंसीपालनको योजना अघि बढाएका छन्", आयोजना प्रमुख राजेश साहले भन्नुभयो, "यसले मधेसलाई दूधमा आत्मनिर्भर बनाउने हाम्रो अपेक्षा छ ।" यसैगरी मासु उत्पादन प्रयोजनका व्यावसायिककार्य योजना अघि बढेको उहाँको भनाइ छ ।

दूधको बजार सुनिश्चित गरी क्रेतासँग सम्झौतापश्चात भैंसीपालनको व्यावसायिक कार्य योजना अघि बढेका छन् । भैंसीपालनको कार्य योजना बनाएका समूहका किसानले प्राविधिकको प्रत्यक्ष रेखदेखमा गोठ बनाएका छन् । मुर्रा जातका एउटा भैंसीले कम्तीमा दैनिक २५ लिटरसम्म दूध दिने गरेको छ । "हामीले पहिले नै दूधको बजार, खरिदकर्ता र मूल्यबारे सहमति गरीसकेका छौं", सिरहाका किसान दिनेश साहले भन्नुभयो, "दूधले बजार नपाउला कि भन्ने चिन्ता छैन, हामी ढुक्कसाथ काममा जुट्न पाएका छौं ।"

किसान समूह सबैभन्दा बढी रौतहटमा २४ वटा छन् । एक समूहमा १५ देखि ५० सम्म किसान आबद्ध छन् । यी समूहमा एक हजार ४०० माथि आबद्ध किसान छन् । हाल ती किसानले पालेका भैंसीबाट दैनिक २० हजार लिटर दूध उत्पादन भइरहेको छ ।

एक किसानले औसतमा मासिक आम्दानी रु २४ हजार आम्दानी लिने गरेका छन् । आयोजनाले प्रत्येक कार्ययोजनाको कूल लागतमा ४५ प्रतिशत अनुदान दिने र ५५ प्रतिशत समूहले व्यहोर्ने व्यवस्था छ ।

आयोजनाले यसअघि समूहमा आबद्ध किसानलाई पशुपक्षीसम्बन्धी सेवा दिन अत्याधुनिक सुविधासहितका ३५ वटा एकीकृत सेवा केन्द्र निर्माण गरेर सञ्चालनमा ल्याएको छ । यी सेवा केन्द्र आयोजनाले रु ९१ करोडमा निर्माण गरिएको हो । यी सेवा केन्द्रबाट माटो परीक्षण, प्राङ्गारिक खेतीका लागि प्रयोगशाला, पशुको गोबर जाँच, उपचार र पशुपक्षीपालनका किसानलाई प्राविधिक सल्लाह सेवा प्रदान गरिँदै आएको छ ।रासस

# 'विकासको संस्कृति सही रुपमा अघि बढिरहेको छ'



काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले काठमाडौं, भक्तपुर र पाटन दरबार क्षेत्रका भूकम्पले भत्किएका सम्पदा जस्ताको तस्तै निर्माण हुनुले विकासको संस्कृति सही रुपमा अघि बढेको प्रमाणित हुने बताउनुभएको छ ।

नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा धार्मिक, सांस्कृतिक पत्रकार समाज, नेपाल (रेक्जोन) को सहकार्यमा आयोजित 'विकासका लागि संस्कृति' विषयक विचार गोष्ठीलाई सम्बोधन गर्दै उहाँले प्राचीनकालमाझैं सम्पदा निर्माणका लागि आवश्यक जनशक्ति भएकाले सम्पदा पुनःनिर्माणमा समस्या नभएको बताउनुभयो । काठमाडौं उपत्यकाका तीनवटै सहरमा देगु तलेजु मन्दिर जस्ताको तस्तै निर्माण हुनुले पनि सम्पदा निर्माणमा सकारात्मक सन्देश दिएको उहाँको भनाइ छ ।

"धेरै क्षेत्रमा सकारात्मक संस्कृतिको विकास गर्नु जरुरी छ, नहुने कामलाई हुँदैन भन्ने संस्कृति बनाउन जरुरी छ । यस्ता विषयमा जागरण प्राज्ञले नै गर्नु जरुरी छ", उहाँले भन्नुभयो । भौतिक विकास मात्र नभई सांस्कृतिक विकास पनि जरुरी रहेकाले मन्त्री पाण्डेले संस्कृतिलाई मेरुदण्ड नबनाए दिगो विकास हुन नसक्ने उल्लेख गर्नुभयो ।

नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले संस्कृतिको मूल जरा चिन्तन प्रणाली भएकाले यसलाई सकारात्मक रुपले अघि बढाउनुपर्नेमा जोड दिनुभयो । सांस्कृतिक विविधतालाई स्वीकार गरेर विकासमा अघि बढ्न सकिने उहाँको भनाइ थियो । प्रतिष्ठानका सदस्यसचिव डा धनप्रसाद सुवेदीले भौतिक विकास गरिरहँदा सांस्कृतिक विषय ओझेलमा परेकाले यस किसिमको बहस सुरु गरिएको बताउनुभयो । प्रा डा सोमप्रसाद खतिवडाले 'विकासका लागि संस्कृति' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँले संस्कृतिसापेक्ष विकास हुन नसकेको बताउनुभयो ।

कार्यपत्रमाथि टिप्पणी गर्दै प्रा डा निर्मला पोखरेलले म्याक्समूलरले वेदमा गरेको अनुसन्धानले वेद विज्ञानसम्मत रहेको प्रमाणित गरेकाले वैदिक संस्कृतिअनुसार अघि बढ्नुपर्ने विचार राख्नुभयो । अर्का टिप्पणीकार भोगीराज चाम्लिङले विकाससम्बन्धी कानुन तथा नीति संस्कृतिअनुसार नभएकाले समस्या आएको बताउनुभयो । संस्कृति मन्त्रालयले संस्कृतिलाई असर गर्ने गरी बनेका कानुन र नीति परिवर्तन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

धार्मिक, सांस्कृतिक पत्रकार समाज, नेपाल (रेक्जोन) का अध्यक्ष पूर्णप्रसाद मिश्रले संस्कृतिका विषय ओझेलमा परिरहेकाले यस विषयमा कलम चलाउने पत्रकारहरु सङ्गठित गरी सरोकारवाला निकायसँगको सहकार्यमा यस्ता छलफललाई निरन्तरता दिइने बताउनुभयो ।रासस

# घरघरमै पुगेर उच्च रक्तचाप र मधुमेह परीक्षण



सिरहा । यहाँको लहान नगरपालिकाले नगरवासीको घरघरमै स्वास्थ्यकर्मी पठाएर उच्च रक्तचाप र मधुमेह बिरामीको निःशुल्क परीक्षण शिविर सुरु गरेको छ । 'स्वास्थ्यकर्मी, नगरवासीको घर दैलोमा' भन्ने नारासहित आइतवार वडा नं १२ पडरिया टोलदेखि उक्त शिविरको सुरुवात गरिएको हो ।

समयमै रोग पहिचान भएमा उपचार गर्न सहज होस भन्ने उद्देश्यले यस शिविर सञ्चालन गरिएको नगरप्रमुख महेश प्रसाद चौधरीले बताउनुभयो "गाउँघरमा लुप्त रूपमा बिरामी रहेका हुन्छन् । उनीहरुको पहिचान गर्न र थप उपचार गर्न सजिलो होस भनेर हामीले यो कार्यक्रम सुरु गरेका हौँ", उहाँले भन्नुभयो, "चेकजाँच गरेर थप उपचारका लागि स्वास्थ्य संस्था पठाउछौँ ।" नियमित औषधी सेवन गरिरहेका बिरामीलाई शिविरमार्फत औषधी पनि वितरण गरिने नगरप्रमुख चौधरीले जानकारी दिनुभयो ।

लहान नगरपालिकामा १२ वटा स्वास्थ्य चौकी र चारवटा आधारभूत स्वास्थ्य केन्द्र छन् । त्यहाँ कार्यरत सबै स्वास्थ्यकर्मीलाई एक सातासम्म घरघरमा खटाएर 'स्क्रिनिङ' गरिरहेको नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख विन्देश्वर चौधरीले बताउनुभयो । नगरपालिकाले गतवर्ष पनि यस्तै कार्यक्रम सञ्चालन गरेको थियो । त्यतिखेर चार हजार बढी स्थानीयले आफ्नो स्वास्थ्य चेकजाँच गराएका थिए ।रासस

# समयमा पहिचान, समयमै उपचार: क्यान्सर रोगको निदान




काठमाण्डु । स्तन तथा पाठेघरको मुखको क्यान्सर न्यूनीकरणका लागि परीक्षणलाई तीव्रता दिनुपर्नेमा क्यान्सर रोग विशेषज्ञहरुले जोड दिएका छन् ।

'सुडी समाज काठमाडौं महिला उपसमिति'द्वारा यहाँ आयोजित स्तन तथा पाठेघर मुखको क्यान्सरसम्बन्धी निःशुल्क प्रशिक्षण कार्यक्रमका सहभागी क्यान्सर रोग विशेषज्ञहरुले स्तन तथा पाठेघरको मुखको क्यान्सरसम्बन्धी समस्या समयमै पत्ता लाग्ने भएकाले महिलालाई यसप्रति समयमै सचेत हुनुपर्ने आवश्यकतामाथि जोड दिनुभयो ।

"स्तन तथा पाठेघरको मुखको क्यान्सर पत्ता लगाउनका लागि नियमित परीक्षण आवश्यक रहेको छ," क्यान्सर रोग विशेषज्ञ डा रीता महासेठले भन्नुभयो, "कम्तीमा १० वर्षदेखि १५ वर्षको अवधि अगाडि नै जानकारी लिन सकिने र परीक्षण गर्न सकिने सुविधा भएकाले महिलालाई सो सम्बन्धी नियमित रूपमा परीक्षणको पहुँचसम्म पुग्ने वातावरण तयार गर्नुपर्छ ।"

स्तन तथा पाठेघरको मुखको क्यान्सरमुक्त समाज निर्माण गर्ने लक्ष्य प्राप्तिका लागि यस्ता सामाजिक संस्थाले यससम्बन्धी थुप्रै कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख गर्दै डा महासेठले स्तन क्यान्सरको मुख्य लक्षण स्तनमा गिर्खा आउनु, यस्तो गिर्खा नदुख्ने र बढ्ने खालको हुनु, स्तनको मुन्टा गाडिने, रङ्ग परिवर्तन हुनु, छाला बाक्लो हुनु, मुन्टाबाट पिप वा रगत बग्नु, घाउ निको नहुनु जस्ता समस्या देखिने गरेको छ भन्नुभयो ।

पछिल्लो तथ्याङ्कअनुसार नेपालमा प्रत्येक दिन ६ महिलामा स्तन क्यान्सरको पहिचान हुने र प्रत्येक दिन तीन जनाको यही क्यान्सरबाट मृत्यु हुने गरेको छ । विभिन्न अध्ययनले ५० वर्षदेखि ६० वर्षका महिलामा अन्यको तुलनामा बढी स्तन क्यान्सर हुने गरेको देखाएको छ । नेपालमा ४० वर्षदेखि ५० वर्ष उमेर समूहका महिलामा स्तन क्यान्सर धेरै देखिएको तथ्याङ्क छ ।

"पछिल्लो समय महिलामा स्तन क्यान्सरको समस्या बढ्दो छ," अर्का विशेषज्ञ डा राजीव महासेठले भन्नुभयो, "स्तन क्यान्सर ठ्याक्कै के कारणले हुन्छ भन्न सकिँदैन । यसमध्ये पाँचदेखि १० प्रतिशत कारण वंशाणुगत पनि हो ।"

स्तन क्यान्सर हुँदा लक्षण ढिलोगरी देखिन सक्छन् । त्यसैले स्तन क्यान्सरलाई समयमा नै पत्ता लगाउने हो भने लक्षणलाई कुरेर बस्नु नहुने उल्लेख गर्दै डा महासेठले ४० वर्षमाथिको उमेरका महिलाले वर्षमा एकचोटि मेमोग्राम गराउने गर्नुपर्नेमा जोड दिनुभयो । "मेमोग्रामको सुविधा नभए अल्ट्रासाउन्ड गराएर हेर्नुपर्ने हुन्छ", उहाँले भन्नुभयो ।"बीस वर्षमाथिका महिलाले हरेक वर्ष स्तन परीक्षण गराउनु उपयुक्त हुन्छ । यसरी जाँच गराउने गरे गिर्खा हुनुभन्दा अगाडि नै पत्ता लाग्छ र समयमै उपचार गराउन सकिन्छ", डा महासेठले भन्नुभयो, "अन्तिम चरणमा रोग पत्ता लागेमा वा जटिल खालको क्यान्सर भएमा उपचार गर्दागर्दै बिरामीको मृत्यु पनि हुन सक्छ ।"

कलिलै उमेरमा विवाह भएका, कलिलै उमेरमा यौन सम्पर्क राख्ने, बढी पुरुषसँग यौन सम्पर्क भएका, बढी सन्तान जन्माएका, खानपिनमा ध्यान नदिने तथा कुपोषण भएका, एचआइभी भाइरसको सङ्क्रमण भएका, पाठेघर अथवा यौनसम्बन्धी बराबर सङ्क्रमण भइरहने महिलामा स्तन तथा पाठेघर मुखको क्यान्सर हुने जोखिम बढी हुने डा महासेठले बताउनुभयो । "योनीबाट फोहोर पानी बग्नु, यौनसम्पर्कपछि रगत देखिनु, महिनावारीको बीचबीचमा रगत देखिनु, महिनावारी सुकिसकेका महिलामा रगत देखिनु, तल्लो पेट दुख्नु जस्ता लक्षण देखिएका महिलामा क्यान्सर हुने जोखिम बढी हुने गर्छ", उहाँले भन्नुभयो ।

सुडी समाजका अध्यक्ष शीतलप्रसाद महतोले स्तन तथा पाठेघरको मुखको क्यान्सर हुनुभन्दा अगाडिको सावधानीले आर्थिक बोझ र मानव जीवन जोगाउन सक्ने उल्लेख गर्दै स्तन र पाठेघरको मुखको क्यान्सर परीक्षणका लागि समाजमा जनचेतनामूलक कार्यक्रमलाई व्यापक रुपमा विस्तार गर्दै लैजानुपर्नेमा जोड दिनुभयो ।रासस

# वीरगञ्ज भन्सारद्वारा एघार महिनामा एक खर्ब ५८ अर्ब राजस्व सङ्कलन




वीरगञ्ज । वीरगञ्ज भन्सार कार्यालयले चालु आवको एघार महिनामा रु एक खर्ब ५८ अर्ब ६० करोड ४३ लाख राजस्व सङ्कलन गरेको छ । कार्यालयले सो अवधिमा कूल वार्षिक लक्ष्यको ७९ दशमलव प्रतिशत राजस्व सङ्कलन गरेको हो ।

कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले आगामी आर्थिक वर्षको बजेटले उत्साह जगाएकाले पनि जेठ महिनामा राजस्व सङ्कलन उत्साहप्रथ रहेको जानकारी दिनुभयो । "विगत एघार महिनाको तथ्याङ्क केलाउदा जेठ महिनामा सबैभन्दा धेरै राजस्व सङ्कलन भएको छ," उहाँले भन्नुभयो,"राजस्व सङ्कलनमा सबैभन्दा ठूलो हिस्सा पेट्रोलियम पदार्थ र सवारीसाधनको आयात रहेको छ ।"

कार्यालयले साउनमा रु १२ अर्ब १५ करोड, भदौमा रु १३ अर्ब ४२ करोड, असोजमा रु १३ अर्ब ४७ करोड, कात्तिकमा रु ११ अर्ब १० करोड, मङ्सिरमा रु १४ अर्ब ४० करोड राजस्व सङ्कलन गरेको थियो । त्यस्तै पुसमा रु १५ अर्ब ४७ करोड, माघमा रु १४ अर्ब ४४ करोड राजस्व सङ्कलन गरेको थियो ।

यस्तै फागुनमा रु १४ अर्ब ६३ करोड राजस्व सङ्कलन गरेको छ भने चैतमा भने रु १५ अर्ब ४७ करोड राजस्व सङ्कलन गरेको छ । वैशाखमा भने रु १५ अर्ब ७२ करोड राजस्व सङ्कलन गरेको छ । जेठ महिनामा १८ अर्ब १८ करोड राजस्व सङ्कलन गरेको छ । चालु आवको एघार महिनामध्ये जेठमा सबैभन्दा धेरै राजस्व सङ्कलन भएको हो ।

भन्सार विभागले कार्यालयका लागि वार्षिक रु दुई खर्ब १८ अर्ब ९५ करोड रकम राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको छ ।रासस

# तीन तहका सरकारबीच सहकार्य जरुरी: मन्त्री गुरुङ





काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले सूचना प्रविधि क्षेत्रको विकासका लागि तीन वटै तहका सरकारबीच सहकार्य जरुरी रहेको बताउनुभएको छ ।

मन्त्रालयले सोमबार राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस-२०८२ को समीक्षा तथा प्रशंसा-पत्र वितरण कार्यक्रममा मन्त्री गुरुङले सूचना प्रविधिको विकास स्थानीय तहसम्मै व्यापक हुनुपर्नेमा जोड दिनुभयो ।उहाँका अनुसार आइटी दिवसलाई सरकारले उत्सवका रुपमा मनाउनुपर्ने र युवा पुस्तालाई जति सक्दो प्रोत्साहित गर्ने कार्यक्रम ल्याउन आवश्यक रहेको बताउनुभयो ।

"यो दिवस देशभर उत्सवका रुपमा मनाउनुपर्छ, नयाँ जनशक्तिको हौसला बढाउनका लागि थप गतिविधिहरु बढाउन आवश्यक छ", मन्त्री गुरुङले भन्नुभयो । नेपाल सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री गुरुङले सरकारले डिजिटल नेपाल फ्रेमवर्क(डिएनएफ) को मस्यौदा अन्तिम चरणमा रहेको उल्लेख गर्नुभयो । "सरकार सूचना प्रविधि क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधार निर्माणमा तयार छौं, यसका लागि निजी क्षेत्रको सहकार्य जरुरी छ ।"

मन्त्रालयका सचिव राधिका अर्यालले आइटी क्षेत्रमा युवा प्रोत्साहन गर्न मन्त्रालयले आइटी इन्टर्नसिपका लागि बजेट नै छुट्याएको बताउनुभयो । कार्यक्रममा सहभागी सरोकारवालाले प्रदेश र स्थानीय तहको सहकार्यमा यस क्षेत्रको विकास गर्न सुझाव दिनुभयो ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# असारे बजेटको परम्परालाई त्यागौँ

मुलुकमा विकास निर्माणको कार्य अन्तिम सयममा आएर तीव्रगतिमा हुने गर्दा नाम मात्रको विकासले परिणाममुखी हुन नसके पनि सत्ता र सरकार तथा विपक्षी नेताहरुसमेत यस परम्परालाई यथावत नै राख्न खोजेको भान हुन्छ। चालु आर्थिक वर्ष समाप्त हुन एक महिना बाँकी रहँदा विकास खर्च ४० प्रतिशत बजेट मात्र हुन सकेको छ। यो असार मसान्तसम्ममा ७० देखि ९० प्रतिशतसम्म पुऱ्याउन सक्ने लक्ष्य सरकारको रहेको ठम्याइ अहिलेदेखि नै अनुमान गर्न थालिएको छ। असारे विकासको परम्परा नरोकिँदासम्म एक महिनामै विकास निर्माणको बजेट खर्च ह्वात्तै बढ्ने क्रम विगतदेखि अहिलेसम्म पनि चलि नै आएको छ। चालु आर्थिक वर्षका लागि छुट्याइएको बजेटमध्ये जेठ मसान्तसम्ममा ४० प्रतिशत मात्र पुँजीगत खर्च भएको देखिन्छ। महालेखा नियन्त्रक कार्यालयले जारी गरेको प्रतिवेदन अनुसार जेठ मसान्तसम्ममा केन्द्र सरकारको विकास खर्च वार्षिक लक्ष्यको ४० दशमलव सात प्रतिशत अर्थात् एक खर्ब ४३ अर्ब ३९ करोड सात लाख रुपैयाँ बराबर छ। चालु आर्थिक वर्षका लागि सरकारले तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख रुपैयाँ पुँजीगत खर्च छुट्याएको थियो। प्रारम्भिक लक्ष्यअनुसार खर्च हुन असारमा मात्र दुई खर्ब नौ अर्ब रुपैयाँ पुँजीगत बजेट खर्च गर्नुपर्ने हुन्छ। सरकारले बजेटको मध्यावधि समीक्षा र आगामी आर्थिक वर्षको बजेट संसद्मा प्रस्तुत गर्दासमेत दुईपटक आय-व्ययको अनुमान संशोधन भइसकेको छ। शुरुको विनियोजनको तुलनामा मात्र नभइ दोस्रोपटक संशोधित लक्ष्यको तुलनामा पनि हालसम्मको वास्तविक खर्च निकै कम छ। असारे विकास भनेर आचोलित हुँदै आएको सरकारलाई आर्थिक वर्षको अन्त्यको खर्च रोक्न महालेखापरीक्षकको कार्यालयले पटकपटक आफ्नो प्रतिवेदनमार्फत सुझाव दिँदै आएको छ। तर असार महिनामै अधिक खर्च हुने प्रवृत्ति भने रोकिएको छैन। तर महालेखापरीक्षकको कार्यालयले समेत त्यसमाथि ठोस कारबाहीको कदम अगाडि नबढाएको देखिन्छ। त्यसैले सरकारले पनि बजेट ल्याउने क्रममा आन्तरिक ऋण र बाहिरी ऋण ल्याउने नाममा मुलुक र आमजनतालाई धराशायी पार्ने गरी मनपरी गर्नुभन्दा पनि आफ्नो कमीकमजोरी र राजसी प्रवृत्ति त्याग गर्दै गम्भीर समीक्षासहित अघि बढ्नु नै अहिलेको मुनासिब हो। तसर्थ ऋणको नाममा देशको विकास हुन्छ भन्नु सोच नै गलत हो। देशको विकासका लागि आमजनतामाथि पनि र आमजनताले समेत आफ्नो सरकारको अनुभूति गर्न गराउनका लागि सरकारले आफ्नो पहलकदमी लिनु अति आवश्यक रहेको देखिन्छ। होइन भने यहाँ सरकारले व्यवसायीको भूमिका निर्वाह गरेको जस्तो देखिन्छ भने आमजन सेवाग्राही रुपमा देखिने हुनाले यस आउने दिनमा गम्भीर संकटसमेत निम्त्याउने टड्कारो रहेको हाम्रो ठम्याई छ।

# जलवायु परिवर्तन र मुस्ताङको सकस



लोकराज अवस्थी

जलवायु परिवर्तनले विश्वलाई प्रभावित पार्दै आइरहेको छ। यो सामूहिक समस्याका रुपमा देखापरेको छ। यसले विश्वको ध्यान केन्द्रित गरिहेको छ। जलवायु परिवर्तनले समग्र मानव जातिलाई मात्र नभएर पर्यावरणीय चक्रलाई नै खल्बल्याइरहेको छ। जसरी जलवायु परिवर्तनले विश्वभरि असर पारेको छ, त्यसैगरी नेपाल पनि प्रभावित बन्दै आइरहेको छ। जलवायु परिवर्तनले सबैभन्दा बढी असर नेपालका उच्च हिमाली क्षेत्रमा पारेको देखिन्छ। समग्रमा भन्ने हो भने जलवायु परिवर्तनले वातवारणीय असर मात्र पारेको छैन्, मानवीय सङ्कट पैदा गरेको छ। युगौँदेखिको परम्परा र संस्कृति लोपन्मुख भइरहेको छ। रैथाने कृषि प्रणाली तथा प्रविधि र खानाका परम्परागत परिकारहरु हराउँदै गइरहेका छन्। मानवीय सम्बन्ध, सामाजिक अन्तरसम्बन्ध तथा भौगोलिक सम्पन्नता पनि जलवायु परिवर्तनले प्रभावित बनाएको छ। मानव र वन्यजन्तुबीचको सम्बन्ध पनि खल्बलाएको छ। प्राकृतिक द्वन्द्व सिर्जना गराएको छ। र, जलवायु परिवर्तनले परम्परा र आधुनिकताबीचको नवीन सङ्घर्ष जन्माएको छ।

म्यान्ग्रोव फाउन्डेसनले गरेको एक अध्ययनअनुसार उच्च पहाडी भेगमा पछिल्ला केही दशकहरुमा नाटकीय परिवर्तनहरु आएको जनाएको छ। उक्त अध्ययनले पहिले वर्षभरि हिउँले ढाकेका पहाडहरु अहिले खाली र सुक्खा हुँदै गइरहेका छन्। र, हिमाली क्षेत्रमा हिमनदी, बरफ र हिउँले ढाकिएको क्षेत्र विश्वको औसतभन्दा धेरै छिटो घटिरहेको जनाएको छ। हिमाली क्षेत्र, अरू क्षेत्रभन्दा दुई गुणा छिटो तात्दै गइरहेको अनुसन्धानले जनाएको छ। विश्व तापमानले हिउँ र बरफको मात्रामा गम्भीर प्रभाव पारेको छ। यसले हिमाली क्षेत्रमा मानवीय सङ्कट पैदा गर्दै गइरहेको छ। यो मानव जाति र प्रकृति दुवैका समस्या बन्न पुगेको छ।

यस्तै, मुस्ताङ पनि जलवायु परिवर्तनको असरबाट प्रत्यक्ष प्रभावित भइरहेको छ। पानी नपर्ने तर हिउँ पर्ने भनेर चिनिएको हिमालपारिको जिल्ला मुस्ताङमा नियमित हिउँ पर्न छोडेको वर्षौं भयो। हिउँमै जन्मी हुर्की खेलेका मुस्ताङीलाई हिउँ नै बिरानो बन्न थालेको छ। हिउँदमा कहिलेकाहीँ देखिने हिउँले उनीहरुलाई जिस्काइरहेको अभास हुन थालेको छ। उनीहरु सोचिरहेका छन्, किन उहिलेको जस्तो हिउँ पर्दैन ? किन पहिलेको जस्तो खेतीपाती हुँदैन ? जस्ता प्रश्नहरुले घच्घच्याइरहेको छ। उनीहरुले जीवनशैली फेरिएको अनुभव गरिरहेका छन्। आफ्नै आँखा अगाडि हिमाल डाँडामा परिणत भएको देखेका छन्। कृषि उत्पादन भूमि सुक्खा बगरमा परिणत भएको अनुभव गरिहेका छन्। उनीहरुले आफ्ना लेकहरुमा याक, चौंरी तथा च्याङ्ग्राका बथानहरुको अगुवाइ गर्न छाडिसके। वरिपरिका सुक्खा डाँडाहरुमा बेमौसममा पहिरो गएको आफ्नै आँखासामु देखेका छन्।

गाउँको पानीको मूलमा पानी आउन छोडेको छ। हिमालबाट आउने पानीका मुहानहरुमा पानी कम हुँदै गइरहेको छ। स्थानीय भाषा, कला तथा संस्कृतिमा परिवर्तन आएको छ। स्थानीय परम्परामा आधारित व्यवसाय सङ्कटमा परेका छन्। मुस्ताङबासी यस्तै परिवर्तन भोग्दैदेख्दै आइरहेका छन्। समयक्रमसँगै भएको परिवर्तनले स्थानीय बासिन्दाको जीवनशैली तथा प्रभावित भएको छ। योभन्दा ठूलो असर प्रकृतिमा परेको छ। यसको मूल कारण भनेको जलवायु परिवर्तन हो।

जलवायु परिवर्तनले मुस्ताङमा मानिसको बासस्थान मात्र नभएर पर्यावरण नै प्रभावित भइरहेको छ। मुस्ताङमा पनि अरू हिमाली क्षेत्र जस्तै हिमताल सङ्कटमा रहेका छन्। ताल सुक्ने तथा विस्फोट हुने खतरा पनि बढी रहेको छ। पछिल्ला वर्षहरुमा मुस्ताङमा पानी पर्न थालेको छ। यसको कारण बाढीको प्रकोपमा स्थानीय गाउँबस्तीहरु मारमा पर्ने गरेका छन्। उदाहरणका लागि, २०८० साउन २८ गते कागबेनीमा आएको बाढीले त्यस क्षेत्रमा ठूलो क्षति पुऱ्याएको थियो। समयमा समयमा हुने तीव्र हावाहुण्डरी तथा असिनापानीले कृषिबालीमा असर पर्न थालेको छ। मुख्यगरी अप्रत्याशित हुने हिमपात, बरफको आँधी तथा खडेरीले पनि जनजीवन प्रभावित हुने गरेको छ। यसले गर्दा यस क्षेत्रका गरिबी रेखामुनि रहेका तथा भौगोलिक जोखिममा परेका समुदायलाई बढी प्रभावित बनाएको छ।

गाउँघरमा खाना पकाउनका लागि प्रयोग हुने दाउरा पनि पाइँदैन। डाँडामा भएका सामान्य बुट्यानबाहेक ठूल्ठूला रूखहरु लोप हुँदै गइरहेका छन्। बुबाबाजेले घरमाथि जम्मा पारेका दाउरा अचेल नासोका रुपमा मात्र छन्। किनभने उतिबेलाको जस्तो घनाजङ्गल अहिले छैनन्। अचेल खाना पकाउन ग्यासको प्रयोग गरे पनि हिउँदमा जाडो हुँदा भने निकै कठिनाइ भोगिरहेका छन्। दाउरा नहुँदा बालबालिका तथा ज्येष्ठ नागरिक अझ बढी प्रभावित हुने गरेका छन्। उनीहरुका लागि जाडोबाट बच्न एक मात्र उपाय भनेको दाउरा बालेर आगो ताप्नु र घरलाई न्यानो बनाउनु हो। तर अब त्यो सम्भावना कम हुँदै गइरहेको छ। यसको कारण हिउँदे जीवन प्रभावित हुन थालेको छ।

जलवायु परिवर्तनसँगै बढ्दो तापक्रम तथा वायुमण्डलमा आएको परिवर्तनले यस क्षेत्रमा स्थानीयको स्वास्थ्यमा समस्या देखिन थालेका छन्। मुस्ताङको जोमसोम उपत्यका तथा वरिपरिका बस्तीहरुमा लामखुट्टे देखिन थालेका छन्। जुन भविष्यमा स्थानीय बस्तीका लागि निकै ठूलो स्वास्थ्य समस्या बन्नेछ। बढी हावा चल्ने कारणले बेमौसमा चिसो हुने गरेको छ। यसका कारण रुघाखोकी तथा ज्वरोलगायत रोगहरु बढिरहेका छन्। यसमा पनि अझ महिला, बालबालिका तथा ज्येष्ठ नागरिकलाई बढी प्रभावित बनाएको छ।

जलवायु परिवर्तनले मुस्ताङका विभिन्न क्षेत्रहरु हुने खेतीपाती तथा पशुपालनलाई प्रभावित बनाएको छ। यस क्षेत्रका मुख्य कृषिबालीहरु आलु, उवा, जौ तथा फापरलगायतका उत्पादनमा कमी आएको छ। कमी आउनुको मुख्य कारण बेलैमा हिउँ नपर्नु हो। यस क्षेत्रमा हिउँ नपरेसम्म बाली सप्रिँदैन। हिउँ नपरेपछि सिँचाइमा पनि समस्या देखिन थालेको छ। स्थानीय नदीनालाहरुमा पानीको मात्रा कम हुन थालेको छ। अझ सानातिना खोलाहरु त सुक्दै गइरहेका छन्। हिउँ तथा पानी नपरेपछि खेतबारी सुक्खा हुँदै गएका छन्। अर्को कुरा, पशुपालन गर्न कठिनाइ भएपछि मलको अभाव भएको छ। स्थानीयस्तरमा उत्पादन भएको कृषि उत्पादनले सहजै बजार नपाउनु पनि समस्याको रुपमा देखिएको छ।

पशुपालन यहाँको अर्को मुख्य पेसा हो। च्याङ्ग्रा, चौंरी तथा भेडाबाख्राहरु पाल्न कठिन हुन थालेको छ। पशुपालन नहुँदा ऊन उत्पादनमा कमी आएसँगै धेरैको मुख्य पेसा नै सङ्कटमा परेको छ। एकातिर व्यवसाय घटेको छभने अर्कोतिर स्थानीय कलासंस्कृति तथा परम्परामा आधारित लुगाहरु उत्पादन हुन छोडेको छ। यसले मस्ताङको मौलिक परिचय नै सङ्कटमा परिरहेको छ। अर्को कुरा, प्रशस्त मात्रामा स्थानीय कृषि उत्पादन नहुँदा स्थानीय बासिन्दा बाहिरबाट आएको महङ्गो खानेकुरा खान बाध्य छन्। त्यति मात्र हैन, स्थानीय रैथाने खाना तथा परिकारहरु लोप हुँदै गइरहेका छन्। यसले मुस्ताङीको जीवनचक्रलाई परिवर्तन गरेको छ। उनीहरुलाई अचानक आएको परिवर्तनलाई स्वीकार्न सकस हुँदै आएको छ।

गाउँहरु युवाविहीन देखिन्छन्। गाउँमा आफ्नो भविष्य नदेखेका युवाहरु जीविकोपार्जनका लागि गाउँ छोड्न बाध्य छन्। एकातिर अवसरको कमी, अर्कोतिर परम्परागत व्यवसाय सङ्कटमा परेको कारण युवाहरुका लागि गाउँ बस्नयोग्य रहेन। आफूले भोगेका पीडा आफ्ना सन्तानले नभोगून् भनेर परिवारले उनीहरुलाई पढाइका लागि भनेर शहर पठाउन थालेका छन्। आफ्नो सुन्दर भविष्यका लागि युवाहरु पोखरा, काठमाडौँ तथा विदेश जान थालेका छन्। गाउँ छोड्ने युवाको सङ्ख्या दिनानुदिन बढिरहेको छ। गाउँमै बसिरहेका युवाहरुलाई पनि सहज छैन। उनीहरु पनि विकल्पको खोजीमा छन्। यही क्रममा युवा पलायन हुँदै गए भने मुस्ताङका बस्ती उजाड हुँदै जानेछन्। मुस्ताङको त्यो गौरवमय इतिहास, कला, संस्कृति तथा पहिचान सङ्कटमा पर्नेछ।



हिमाल संरक्षणका लागि नेपाल सरकारले दिगो नीति तथा योजना ल्याउनुपर्छ। मुस्ताङ मात्र नभएर हिमाल जोगाउनका लागि विशेष पहलकदमी गरिनुपर्छ। स्थानीय भाषा, कला, संस्कृति तथा पहिचानलाई जोगाउनका लागि पनि सरकारले दीर्घकालीन रणनीति अपनाउनुपर्छ। हिमाली क्षेत्रमा बसोबास गरिरहेकाहरुको वैकल्पिक जीवन जिउने कला तथा सीपको विकास सुनिश्चित गरिनुपर्छ। त्यति मात्र हैन, सरकारले मुस्ताङबासीलाई जलवायु न्याय दिनुपर्छ। जलवायु परिवर्तनले पारेको क्षति तथा असरलाई न्यूनीकरण गर्न पनि उनीहरुलाई क्षतिपूर्ति तथा न्याय दिइनुपर्छ। जलवायु न्याय सुनिश्चित गर्न नेपाल सरकारले ठोस नीति तथा कार्यक्रम तत्कालै ल्याइनुपर्छ, जसले गर्दा उनीहरुलाई राहत मिलोस्। जीवन जीउने कलाको विकास हुँदै जाओस् र जीवन्त मुस्ताङ बचिरहोस्। (लेखक जलवायु परिवर्तनसम्बन्धी अध्यता हुनुहुन्छ)

# नयाँ बजेटमा युवा नजर



गोविन्द मरासिनी

सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि सार्वजनिक गरेको बजेटमा युवा तथा खेलकुद मन्त्रालयका लागि दोब्बर बनाएको विषयले सञ्चारमाध्यम र सामाजिक सञ्जालमा खुबै चर्चा भएको छ। चालु आव २०८१/८२ मा रु तीन अर्ब ५० करोड विनियोजन गरिएकामा आगामी आवका लागि उक्त बजेट बढाएर रु छ अर्ब आठ करोड विनियोजन गरिएको छ। यसरी बजेट बढाएर बजेट विनियोजन गर्दा समेत कुल बजेटको जम्मा ०.३१ प्रतिशत मात्र हुन आउँछ। सामान्यतयाः यसरी विनियोजित बजेटको ८५ प्रतिशत खेलकुद क्षेत्रका लागि हो भने, युवामा १५ प्रतिशत मात्र खर्च हुने गर्दछ। १५ प्रतिशत युवामा खर्च हुने बजेटको थोरै रकम मात्र युवाका गतिविधिमा खर्च हुन्छ।

नेपालको जनगणनाको २०७८ को तथ्याङ्कअनुसार नेपालमा १६ देखि ४० वर्ष उमेर समूहका युवाको जनसंख्या ४२.५६ प्रतिशत छ। युवाका लागि कार्यक्रमहरु ल्याउनुपर्ने मन्त्रालय खेलकुद मन्त्रालयसँग जोडिएर रहेकाले मन्त्रालयको प्राथमिकतामा युवाभन्दा खेलकुद नै बढी पर्ने गरेको देखिन्छ। झन्डै नेपालको जनसंख्याको आधाको हाराहारी रहेका युवा पिँढीका लागि एकदमै न्यून बजेट विनियोजन गर्ने गरिन्छ।

चालु आवको १० महिनामा मात्र करिब सात लाख नेपाली युवायुवती रोजगारीका लागि विदेसिएको तथ्याङ्क छ। स्वदेशमै रोजगारीको सुनिश्चित नहुँदा यसरी विदेसिनु पर्ने युवाहरुको बाध्यता भएको छ। हुन त युवालाई देशमै रोक्नका लागि राज्यले पनि प्रयास भने गरिरहेकै हुन्छ। वैदेशिक रोजगार विभागको पछिल्लो १० महिनाको तथ्याङ्कअनुसार (साउनदेखि वैशाख मसान्तसम्म) छ लाख ८५ हजार ९२४ जना वैदेशिक रोजगारीमा गएका थिए। त्यसमा महिला ७७ हजार ८५ र पुरुष छ लाख आठ हजार ८३९ जना रहेका छन्। गत आव २०८०/८१ मा सात लाख ४१ हजार ३०२ जना नेपाली वैदेशिक रोजगारीमा गएका थिए। चालु आवको वैशाखसम्मको तथ्याङ्कले अघिल्लो आवभन्दा यस वर्ष धेरै नेपाली वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता देखाएको छ। विभागको यो तथ्याङ्कमा मौसमी कामका लागि जाने, अवैध बाटो हुँदै तेस्रो मुलुक पुग्ने र रोजगारका लागि भारत जानेको संख्या समावेश गरिएको छैन।

देशमा राम्रो अवसर नहुँदा निराश भएका युवा विदेसिनुपर्ने आम युवाको मात्र नभई समग्र नेपालीकै नियति बनिसकेको छ। यसरी युवा विदेसिनुको मूल कारण नै बेरोजगारी हो। कृषिप्रधान मुलुक भनेर चिनिएको हाम्रो देश नेपालमा दैनिक उपभोग्य बस्तुहरु तेस्रो मुलुकबाट आयात हुने गरेको छ। खेतीयोग्य जमिन बाँझो राखेर युवा खाडी पस्नुपर्ने बाध्यताले समग्र देशको व्यवस्थालाई नै गिज्याइरहेको छ। देशको बल, बुद्धि र बर्कत पलायन हुनुले देशको आर्थिक विकासमा दीर्घकालीन नकारात्मक प्रभाव पर्ने निश्चित छ। सरकारले हरेक वर्ष सार्वजनिक गर्ने बजेटमा युवाको समस्यालाई सही ढङ्गबाट सम्बोधन गर्न चुकेका कारण युवा पलायनको अवस्था बर्सेनि बढ्दै गएको छ। आव २०८२/८३ को बजेट वक्तव्यको उद्देश्य र प्राथमिकतामा उद्यमशीलता, रोजगारी, उत्पादन तथा उत्पादकत्वमा वृद्धि, रोजगारीको सिर्जना, आधुनिक प्रविधिको प्रयोग बढाउने उल्लेख गरिएको छ। ती उद्देश्यहरु प्राप्त गर्नका लागि गरिने ठोस कार्यक्रमहरु भने आउन सकेको छैन।

नेपाली युवाहरु विदेसिने अर्को मूल कारण देशमा गुणस्तरीय शिक्षाको व्यवस्था नहुनु हो। हाम्रो देशमा प्रदान गरिने शिक्षा विश्व बजारमा निकै कमजोर रहेको पाइन्छ। यसका कारण विश्व बजारमा प्रतिस्पर्धा गर्ने हाम्रा युवालाई यहाँ प्रदान गरिने शिक्षा र दक्षता विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने गरी परिमार्जन गराउनु अपरिहार्य देखिन्छ। यसलाई सम्बोधन गर्ने उद्देश्यले उच्च शिक्षालाई अनुसन्धान लक्षित बनाइने र अध्ययनका लागि मुलुक बाहिर जाने प्रवृतिमा कमी ल्याउन र रोजगार बजारअनुसारको जनशक्ति बिकास गर्न जोड दिने उल्लेख गरिएको छ। यसलाई सरकारले कार्यान्वयनमा ल्याउन सकेमा भने केही हदसम्म भए पनि नेपालको दक्ष युवा जनशक्तिलाई नेपालमै उपयोग गर्न सकिने छ।

युवालाई परिवार, राज्यप्रतिको दायित्व बोध गराउने, नवीनतम प्रविधि र डिजिटल अर्थतन्त्रको पहुँच र अभ्यास गर्न उत्प्रेरणा जगाउने कार्यमा युवालाई समावेश गर्नुपर्छ। अहिलेको युग सूचना प्रविधिको हो। त्यसैले युवालाई सूचना प्रविधिसँग जोड्न 'युवा र सूचना प्रविधि' तालिम सञ्चालन गर्न सकिन्छ। यसले नेपाली युवालाई विश्वमा जोड्न सकिन्छ। नेपालमा कस्तो खालको प्राविधिक ज्ञान तथा सिपको आवश्यकता परेको छ, त्यसका आधारमा तालिमलाई लक्षित गर्नुपर्छ। यसतर्फ पनि बजेटको प्राथमिकता कम देखिएको आभास हुन्छ। उद्यमशीलतामैत्री शिक्षालाई प्रोत्साहन गर्न विद्यार्थीलाई हप्ताको २० घण्टा कामको न्यूनतम् ज्यालासहित कमाउँदैं पढ्दै कार्यक्रम सञ्चालन गरिने विषयले युवा विद्यार्थीलाई सम्बोधन गरेको भएता पनि उच्च शिक्षाको अध्ययनपश्चात् समेत हजारौं युवा बेरोजगार बस्नु परेको अवस्थामा यसलाई कसरी कार्यान्वयनमा ल्याउन सकिएला भनेर अहिले नै सोच बनाउन आवश्यक छ।



बजेटमा समावेश भएको संस्थागत सामाजिक उत्तरदायित्वको दायरा विस्तार गरी विद्यालय शिक्षाको नतिजा र गुणस्तरको सुधार गरिने नेपालको शिक्षा प्रणालीमा सुधारको अपेक्षा गर्न सकिन्छ। तर, स्नातक तह उत्तीर्ण विद्यार्थीलाई स्वयंसेवक शिक्षकको भूमिकामा परिचालन गर्ने नीति भने त्यति प्रभावकारी र व्यावहारिक देखिन्न। किनकी एक त आजको युवा जमात स्वंयसेवकको रुपमा काम गर्न रुची देखाउँदैन् भने ठूलो युवा जमात स्नातक तह पछि स्नातकोत्तर अध्ययनका लागि विदेश जाने गरेको पाइन्छ।

यस वर्षको बजेटमा युवा जनशक्तिलाई आत्मअनुशासन र सेवा भावका साथ राष्ट्र निर्माणमा परिचालित हुन अभिप्रेरित गर्ने, मुलुकको आर्थिक सामाजिक विकास र सेवा प्रवाहमा युवाको योगदान वृद्धि गरिने बिषय समेत समावेश गरिएको छ। यसले युवालाई देशप्रतिको भावनालाई ओतप्रोत बनाउन सहयोग हुने विश्वास लिइन्छ। यस्तै, राष्ट्रिय युवा परिषद्को समन्वयमा १६ वर्षमाथिका युवालाई निश्चित मापदण्डका आधारमा राष्ट्रिय स्वयंसेवक परिचयपत्र प्रदान गरिने बजेट वक्तब्यमा उल्लेख गरिएको छ। साथै, उनीहरूलाई तालिम तथा प्रशिक्षणबाट योग्य बनाई शिक्षा, स्वास्थ्य, सामाजिक जागरण, वातावरण संरक्षण, विपद्मा उद्धार, राहत र पुनर्स्थापनाका लागि परिचालन गरिने भनिएको छ। युवा जनशक्तिलाई राष्ट्र निर्माणमा परिचालन हुन अभिप्रेरित गर्ने र प्रशिक्षण गराई शिक्षा, स्वास्थ्य, सामाजिक जागरण, वातावरण संरक्षण, विपद्मा उद्धार, राहत र पुनर्स्थापनाका लागि परिचालन गर्नुलाई सकारात्मक मान्न सकिए पनि युवालाई स्वयम्सेवक परिचयपत्र वितरण गरेर मात्र स्वदेशमै रोक्न सकिएला त ? अर्को प्रश्न उब्जिएको छ। राष्ट्रिय युवा परिषद्को भूमिका र औचित्यमाथि समय-समयमा विभिन्न प्रश्नहरु उठिरहेका समयमा युवा परिषद्लाई खाली स्वयम्सेवक परिचयपत्र प्रदान गर्नका लागि मात्रभन्दा पनि युवालाई अन्तर्राष्ट्रिय स्तरमा दक्ष, सक्षम, नेतृत्वदायी र रोजगारोन्मुख बनाउनप्रति केन्द्रित बनाउनुपर्ने आजको आवश्यकता देखिन्छ।

यस्तै शिक्षित युवालाई उद्यमशील र स्वरोजगार बनाउन शैक्षिक योग्यता, व्यवसाय दर्ता, सीप परीक्षणको प्रमाणपत्र र परियोजना प्रस्तावको आधारमा बिना धितो रु. दुई लाखदेखि बीस लाखसम्म तीन प्रतिशत ब्याजदरमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेलगायतका घोषणा गरिएको छ। यसले भने रकम अभावका कारण व्यापार, व्यवसाय गर्न नपाएका युवाहरुलाई राहत हुने देखिन्छ। तर, यसको लागि बन्ने मापदण्डले सबै शिक्षित युवालाई समेट्न सक्नुपर्दछ।

युवा लक्षित स्टार्टअप कर्जाका लागि चालु आव २०८१/८२ मा एक अर्ब रुपैयाँ विनियोजन गरिएकामा यो वर्ष उक्त बजेटमा रु २७ करोडले घटाएर रु ७३ करोड मात्र बिनियोजन गरिएको छ। यसरी रु २७ करोड बजेट घट्दा स्टार्टअप र नवप्रवर्तनमा काम गर्न चाहनेलाई निराश बनाउने अवस्था आउने देखिन्छ। बजेट कटौती गर्दा पनि जेन-जी पुस्तालाई उद्यमशीलता र व्यावसायिक बनाउन सरकार, विश्वविद्यालय, निजी क्षेत्रसँगको सहकार्यमा 'इन्कुवेशन सेन्टर' सञ्चालन गर्ने र नवप्रवर्तनमा आधारित स्टार्टअपलाई प्राथमिकता दिइने घोषणाले 'जेन-जी' पुस्तालाई बजेटले केही हदसम्म भए पनि समेट्न खोजेको देखिन्छ। 'इन्कुवेशन सेन्टर' सञ्चालनलाई प्राथमिकता दिई कमजोर 'स्टार्टअप'लाई सहयोग गर्ने विषय कार्यान्वयनमा आएमा नेपालमा 'स्टार्टअप' प्रवर्द्धनमा ठूलै फड्को मार्न सकिने सम्भावना देखिन्छ। छोटो समयमै हुने सरकार परिवर्तन, राजनीतिक अस्थिरता र दाउपेच, चरम भ्रष्टाचार, आफन्तवाद, कमिसनतन्त्रलगायतका समस्याका कारण बजेटमा समावेश भएका युवाका थोरै मुद्दासमेत ओझेलमा पर्ने गरेका छन्। रासस

# बजेटका कारण कांग्रेस र एमालेबीचको सहकार्यमा असर पर्दैनः अर्थमन्त्री पौडेल



“कांग्रेस र एमालेका बीचमा कहीँकतै दूरी सिर्जना गरेर खेल्न सकिन्छ कि भनेर प्रयास भइरहेका छन् । त्यो व्यर्थको प्रयास नगर्न म आग्रह गर्न चाहन्छु । एमालेले कांग्रेसको जस्तो बजेट ल्याएको र कांग्रेसले एमालेको जस्तो बजेट ल्याएको भनेर दुई दलबीच दूरी सिर्जना गर्न प्रयास गरेको देखिन्छ”

काठमाण्डु । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आर्थिक वर्षको बजेटलाई लिएर नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)बीचको सहकार्यमा असर नपर्ने बताउनुभएको छ ।

आगामी आवको बजेटबारे प्रतिनिधिसभामा छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिनेक्रममा अर्थमन्त्री पौडेलले बजेटलाई देखाएर एमाले र कांग्रेसबीच दूरी बढाउने प्रयास भइरहेको बताउँदै त्यसले द्विदलीय साझेदारीमा फरक नपर्ने उल्लेख गर्नुभयो ।

“कांग्रेस र एमालेका बीचमा कहीँकतै दूरी सिर्जना गरेर खेल्न सकिन्छ कि भनेर प्रयास भइरहेका छन् । त्यो व्यर्थको प्रयास नगर्न म आग्रह गर्न चाहन्छु । एमालेले कांग्रेसको जस्तो बजेट ल्याएको र कांग्रेसले एमालेको जस्तो बजेट ल्याएको भनेर दुई दलबीच दूरी सिर्जना गर्न प्रयास गरेको देखिन्छ”, अर्थमन्त्री पौडेलले भन्नुभयो, “त्यो व्यर्थको प्रयास छोडिदिए हुन्छ । त्यो ऊर्जा र समय अरु कुनै रचनात्मक काममा लगाउँदा हुन्छ । बजेटभित्र छिरेर कांग्रेस र एमालेका बीच फुट ल्याउने प्रयास नगर्दा हुन्छ ।”

सरकारले संसद्मा पेस गरेको वार्षिक आय र व्ययको अनुमानमाथि उठेको प्रश्नको जवाफ दिनेक्रममा अर्थमन्त्री पौडेलले मुलुकको अर्थतन्त्र बिग्रनुमा अहिलेको नभई पूर्ववर्ती सरकार जिम्मेवार रहेको आरोप लगाउनुभयो ।

अघिल्लो सरकारले लिएका खराब नीतिलाई वर्तमान सरकारले निरन्तरता दिन नसक्ने उहाँले बताउनुभयो । चालु आवको बजेटमार्फत सरकारले करका सिद्धान्तभन्दा विपरीत रहेको अग्रिम आयकरको व्यवस्था हटाएको अर्थमन्त्री पौडेलले बताउनुभयो । आम्दानी नगर्दै आयकर लगाउने विगतको अभ्यासलाई सच्च्याइएको उहाँले बताउनुभयो ।

सम्पत्ति शुद्धीकरण निवारणमा वित्तीय कारबाही कार्यदलको‘ग्रेलिष्ट’मा पर्नुको कारण पूर्ववर्ती सरकार भएको आरोप अर्थमन्त्री पौडेलले लगाउनुभयो । “ देशलाई ग्रेलिस्टबाट बाहिर निकाल्नुपर्ने छ । त्यसका लागि रणनीति, कार्ययोजना बनेका छन्”, उहाँले भन्नुभयो । सघन निगरानी सूचीबाट चाँडै बाहिर निस्कन र भविष्यमा यस्तो अवस्था आउन नदिन रणनीति बनाएर अघि बढ्ने गरी बजेट ल्याएको उहाँले बताउनुभयो । सम्पत्ति शुद्धीकरण निवारणको मामिलामा अनुसन्धान र अभियोजनका काम कमजोर हुँदा ग्रेलिस्टमा परेकामा अब त्यसलाई प्रभावकारी बनाइने अर्थमन्त्रीले बताउनुभयो ।

आगामी आवको बजेटको स्रोत र खर्चको अनुमान कार्यान्वयन हुने प्रकृतिको रहेको, बजेटको आकार यथार्थपरक रहेको बताउँदै अर्थमन्त्रीले स्रोतको व्यवस्थापन हुन सकेन भने बजेट कार्यान्वयन हुन सक्दैन भन्नुभयो । उहाँले आय र व्यय दुवैको अनुमान यथार्थपरक भएको भएको बताउनुभयो ।“यसपटकको बजेटमा म सबैभन्दा बढी प्रस्तावित विनियोजन मात्र होइन स्रोत पनि यथार्थपरक र कार्यान्वयनयोग्य हुनुपर्छ भन्नेमा सचेत थिएँ ।

बजेटमा राजस्व परिचालन, अन्तरराष्ट्रिय सहयोग र आन्तरिक ऋणको तथ्यपरक अनुमान भएको छ”, अर्थमन्त्रीले भन्नुभयो ।

अघिल्लो सरकारले महत्वाकाङ्क्षी राजस्व लक्ष्य राख्ने गरेको र त्यो सम्भव देखिएको उहाँले उल्लेख गर्नुभयो । “विगतमा ४१ प्रतिशतसम्म राजस्व बढ्नसक्ने अनुमान गरेर बजेट ल्याएका उदाहरण हामीसँग छन् । तर आगामी आवको बजेट चालु आवको संशोधित राजस्व अनुमानको तुलनामा १७ प्रतिशत मात्रै बढ्ने भनेर आन्तरिक राजस्वको अनुमान गरिएको छ”, उहाँले भन्नुभयो, “चुहावट नियन्त्रण गर्ने, करका दायरा विस्तार गर्ने, कर प्रशासन चुस्त बनाउनेजस्ता कार्यबाट हामी १७ प्रतिशतको राजस्व वृद्धिको लक्ष्य पूरा गर्छौं ।”

वैदेशिक स्रोतको अनुमान गर्दा पनि पूर्वतयारी सकिएका र कार्यान्वयनको चरणमा जान योग्य आयोजना र कार्यक्रम हेरेर मात्रै अनुमान गरिएको अर्थमन्त्री पौडेलको भनाइ छ ।

बजेटको परीक्षण कार्यान्वयनका क्रममा हुने पनि उहाँले बताउनुभयो । सार्वजनिक ऋण बढेको र ऋणको पासोको चुनौती थपिएको भनिए पनि सरकारले प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा आन्तरिक र बाह्य ऋणको अनुमान गरेको अर्थमन्त्रीले बताउनुभयो ।

आगामी आवको बजेट बनाउँदा आर्थिक अनुशासन कायम गर्न साना तथा खुद्रा आयोजना छर्ने र आर्थिक अनुशासनबाट विचलित हुने गरी बजेट पेस नभएको उहाँले बताउनुभयो । भूमि बैंकको प्रयोग, प्रभाव र नतिजा विश्लेषण नगरिकन विरोधका लागि मात्रै विरोध नगर्न पनि उहाँले प्रतिपक्षी दलहरुलाई आग्रह गर्नुभयो । बाँझो जमिन सदुपयोग गर्ने र उत्पादकत्व बढाउनका लागि भूमि बैंकको अवधारणा आएको उहाँले स्पष्ट गर्नुभयो ।

आगामी आवको बजेटमा परेको जलविद्युत् आयोजनाको विद्युत् खरिद सम्झौता (पिपिए) मा ‘टेक एन्ड पे’को व्यवस्थाबारे धेरै आलोचना भएको उल्लेख गर्नुहुँदै अर्थमन्त्री पौडेलले अहिले संसद्मा विचाराधीन विद्युत् विधेयकले निजी क्षेत्रलाई पनि विद्युत् व्यापारका लागि बाटो खोल्ने भएकाले निजी क्षेत्रले आफैँ विद्युत् बेच्न सक्ने र नेपाल विद्युत् प्राधिकरणले माग र आपूर्तिको अवस्था हेरेर विद्युत् किन्ने भएकाले यो व्यवस्था गरिएको बताउनुभयो । जलविद्युत् क्षेत्रमा निजी क्षेत्रको लगानी निरुत्साहन गर्नका लागि नभई उनीहरुलाई उत्पादन, प्रसारण र वितरणमा समेत अधिकार दिएर थप लगानी अभिवृद्धि गर्ने उद्देश्यसहित यो व्यवस्था ल्याइएको अर्थमन्त्रीले बताउनुभयो ।

छरिएका सामाजिक सुरक्षाका कार्यक्रमलाई एकीकृत गर्ने नीति बजेटले लिएको, विभिन्न ५१ प्रकारका अवकाश कोष सञ्चालनमा रहेकामा त्यस्ता कोषको व्यवस्थापन हुन नसक्दा लाभग्राहीहरुले लाभ नपाएकाले ती कोषलाई व्यवस्थित गर्ने योजना सरकारले बजेटमार्फत ल्याएको उहाँको भनाइ छ ।“अर्थतन्त्रलाई गतिशील बनाउने, निजी क्षेत्रको आत्मविश्वास बढाउने, लगानी प्रवर्द्धन गर्ने, पुँजीगत खर्च बढाउने, विदेशी लगानी प्रवर्द्धन गर्ने, नवप्रवर्तनलगायत विषयलाई प्रवर्द्धन गरी अर्थतन्त्र गतिशील तुल्याउने लक्ष्यका साथ बजेट आएको छ”, उहाँले भन्नुभयो ।

बूढीगण्डकी जलविद्युत् आयोजनाका लागि स्रोत व्यवस्थापन गर्ने, लगानी मोडालिटी टुङ्ग्याउने र आयोजना अघि बढाउने गरी बजेटमा व्यवस्था गरिएको अर्थमन्त्रीले बताउनुभयो । दूधकोशी जलाशययुक्त आयोजनालाई जग्गा प्राप्तिका लागि बजेट छुट्याइ प्रक्रिया अघि बढेको, हुलाकी राजमार्ग आगामी दुई वर्षभित्र पूरा गर्नेगरी रकम विनियोजन भएको तथा बजेटले राष्ट्रिय गौरव र राष्ट्रिय महत्वका आयोजनामा बजेट अभाव हुन नदिने व्यवस्था मिलाइएको जानकारी दिनुभयो ।

रुग्ण उद्योगहरुको अवस्था अध्ययन,चुरेको संरक्षण उच्च प्राथमिकतामा रहेको, बजेटमार्फत ल्याइएका विभिन्न सेवा सुविधालाई कुनै व्यक्ति, समूह वा निजी क्षेत्रलाई पोस्नका लागि ल्याइएको भनेर लगाइएका आरोपको अर्थमन्त्रीले खण्डन गर्नुभयो ।

सङ्घीय सरकारले कार्यान्वयन गर्नेगरी आगामीरु तीन करोडभन्दा कम लागतका आयोजना बजेटमा नपरेका उहाँले स्पष्ट पार्नुभयो ।

“चालु आवमा सिर्जित दायित्व भुक्तानीका लागि, चालु आयोजना सम्पन्न गर्ने प्रयोजनका लागि र विपद् पछिको पुनर्निर्माणका लागि रु तीन करोडभन्दा कम लागतका आयोजनामा बजेट विनियोजन भएको हुन सक्छ । सङ्घीय सरकार आफैले कार्यान्वयन गर्ने योजना तीन करोड भन्दा कम लागतका छैनन् ।

साना आयोजना सङ्घीय सरकारले कार्यान्वयन नगर्ने कुरामा सरकार स्पष्ट छ।”, अर्थमन्त्री पौडेलले भन्नुभयो ।बैठकमा अर्थमन्त्रीले ‘विनियोजन विधेयक, २०८२’ र राष्ट्र ऋण उठाउने विधेयक, २०८२’ प्रस्तुत गर्नुभयो ।रासस

## ‘जेनजी पुस्तादेखि ज्येष्ठ नागरिकलाई सम्बोधन गर्ने बजेट आएको छ’

काठमाण्डु । सांसद कालुराम राईले सरकाले ल्याएको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट जेनजी पुस्तादेखि ज्येष्ठ नागरिकलाई समेत सम्बोधन गर्ने आएको टिप्पणी गर्नुभएको छ ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा आर्थिक वर्ष २०८२/८३ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा भाग लिादै उहाँले बजेटले सबैलाई सम्बोधन गर्न सफल भएको दाबी गर्नुभयो । “आगामी आवको बजेटमा वास्तवमा अर्थतन्त्र सुधार गर्ने खालको छ, बजेट राम्रो हुँदा पनि कार्यान्वयन पक्ष चुनौतीपूर्ण छ, प्रभावकारी कार्यन्वयनका लागि सरकार सक्षम बनोस्,” राईले भन्नुभयो । यद्यपि बजेटमा अपाङ्गता भएका व्यक्तिले खेल्ने पारा खेलका लागि कुनै व्यवस्था नभएको समेत उल्लेख गर्नुभयो ।

सांसद राजु थापाले बजेटको कार्यान्वयनको मुख्य चुनौती पुँजिगत खर्च भएको बताउनुभयो । “बजेटलाई सफल बनाउन पुँजीगत खर्च बढाउनुपर्छ, कम्तीमा ९० प्रतिशतसम्म खर्च गर्न सकियो भने बजेट सफल हुन्छ”, उहाँले भन्नुभयो । सांसद थापाले बजेटले आधुनिक पूर्वाधारको क्षेत्रलाई प्राथमिकतामा राख्नु, दिगो विकास र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्ने उद्देश्य रहनु स्वागतयोग्य रहेको बताउनुभयो ।

सांसद प्रभु हजाराले विगतका वर्षभन्दा पनि आगामी आवको बजेटले मुलुकको आर्थिक अवस्थालाई सम्बोधन गरेको दाबी गर्नुभयो । “बजेट राम्रो र पादरर्शी छ, बजेटले लिएका लक्ष्य पूरा गर्न सकिने खालका छन्”, उहाँले भन्नुभयो, “बजेटमा विगतका अधुरा योजना पूरा गर्ने लक्ष्य राखिएको छ, समृद्ध नेपाल र सुखी नेपाली लक्ष्यको प्राथमिकतामा बजेट प्रस्तुत भएको छ । स्वास्थ्य क्षेत्रमा विभिन्न खालको योजना राखिनु स्वागतयोग्य छ ।”सांसद रामकृष्ण यादवले बजेट स्वागतयोग्य रहेको भन्दै समर्थन जनाउनुभयो । “विगतक वर्षमा टुक्रे योजना धेरै समावेश भएका थिए । यसपालिको बजेटमा धेरै हदसम्म सुधार भएको देखिएको छ”, उहाँले भन्नुभयो ।

यादवले राष्ट्रिय गौरवाको आयोजनाका रुपमा रहेको १६ वर्षदेखि निर्माणाधीन हुलाकी राजमार्ग बनाउन थप दुई वर्षको लक्ष्य लिए पनि लक्ष्य पूरा गर्न छट्याइएको बजेट अपुग भएको बताउनुभयो । सांसद वासुदेव घिमिरेले नविन सोच र प्रविधिको प्रयोगसहित उद्योग, व्यापार, पर्यटन, कृषि र रोजगारीलाई विशेष प्राथमिकतामा राख्दै मुलुकमा सुशासन कायम गर्ने प्रतिबद्धतासहितको बजेट आएको बताउनुभयो । “सरकारले राजश्व सुधार र खर्च नियन्त्रणका लागि केही उपाय अवलम्बन गरेको छ तर अझै करको दर घटाइ दायरा बिस्तार गर्न जरुरी छ,” उहाँले भन्नुभयो ।

सांसद किरणकुमार साहले बजेटमा तराईका बाढी प्रभावित क्षेत्रको समाधानका लागि दीर्घकालीन योजना नदेखिएको भन्दै गुनासो जनाउनुभयो । “तटबन्ध निर्माण, पूल निर्माण अधुरै छन्, ती छिटो निर्माण हुनुपर्छ,” उहाँले भन्नुभयो ।रासस



## ‘नागरिकका आकांक्षा सम्बोधन गर्ने बजेट आउन सकेन’

काठमाण्डु । आगामी आर्थिक वर्ष २०८२/८३ का लागि सरकारले संसद्मा प्रस्तुत गरेको बजेटले आम नागरिकका विकास र समृद्धिका आकांक्षा पूरा गर्न नसक्ने देखिएको प्रतिपक्ष दलका अधिकांश सांसदले सदनमा धारणा राखेका छन् ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसदहरुले शक्ति र पहुँचका आधारमा बजेट विनियोजन भएको, कम लागतका आयोजनामा बजेट छरिएको, विनियोजन कुशलता नदेखिएकोलगायत विषय उठाएका हुन् । आगामी आर्थिक वर्षको बजेट माथिको छलफलका क्रममा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद शक्तिबहादुर बस्नेतले आगामी आर्थिक वर्षको बजेटमा रू २० लाखदेखि रु २५ लाख लागतका नयाँ योजना बजेटमा परेको बताउनुभयो । त्यस्तै, शहरी विकास मन्त्रालयले माग नै नगरेका आयोजनामा समेत बजेट हालिएको उहाँको आरोप थियो ।

सरकारले यसवर्ष योजना बैंकबाट करिब चार हजार हाराहारीको स‍ट्यामा योजना कटौती गर्दा कुन आधार र मापदण्डका आधारमा त्यसो गरिएको हो भनेर सांसद बस्नेतले प्रश्न गर्नुभयो । आगामी आवको बजेट समावेशी नरहेको, गरिबी निवारणमा केन्द्रित हुन नसकेको, उत्पादन र उत्पादकत्व बढाउन ठोस पहल नगरिएकोलगायतका विषय उहाँले उठाउनुभयो । ‘भिजिट भिसा’ प्रकरणबारे अध्ययन र छानबिन आवश्यक रहेको सांसद बस्नेतले बताउनुभयो । सरकारले यही असार १५ गतेभित्र शिक्षा विधेयक संसदबाट पारित गर्ने सम्झौता गरेको, नागरिकता विधेयक, निजामती सेवा विधेयकलगायत महत्वपूर्ण कानुन निर्माणलाई शीघ्रता दिन सदनको अवरोध हटाउन जरुरी रहेको सांसद बस्नेतको भनाइ थियो ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसद प्रकाश ज्वालाले आगामी आर्थिक वर्षको बजेट शक्ति र पहुँचका आधारमा वितरणमुखी ढङ्गले आएको आरोप लगाउनुभयो । “आगामी बजेटले अर्थतन्त्र सुधारका लागि नीतिगत फड्को मार्ने अपेक्षा गरिएको थियो । तर यसले समृद्धिको मार्गचित्र दिन सकेन”, उहाँले भन्नुभयो ।

बजेटले सार्वजनिक क्षेत्रलाई सङ्कुचन र निजी क्षेत्रलाई बढावा दिएको तथा लगानीमुखी र नतिजामुखी बजेट आउन नसकेको सांसद ज्वालाको भनाइ थियो । कृषि क्षेत्रमा बजेट न्यून भएको उहाँले बताउनुभयो । प्रतिपक्ष दलले वेल घेराउ गरिरहँदा सदनको बैठक अघि बढिरहनु दुःखद भएको सांसद ज्वालाको भनाइ थियो ।

जनता समादवादी पार्टीका सांसद रञ्जुकुमारी झाले आगामी आर्थिक वर्षको बजेट उत्कृष्ट रहेको उल्लेख गर्दै त्यसको कार्यान्वयन पक्ष बलियो बनाउन आवश्यक रहेको बताउनुभयो । शिक्षा क्षेत्रमा सुधारका लागि बजेटले सकारात्मक पहल गरेको उहाँको भनाइ थियो । संरक्षित क्षेत्र र राष्ट्रिय निकुञ्जका मध्यवर्ती क्षेत्रका बासिन्दाका समस्या समाधान गर्ने कुरा बजेटमा पर्नु सकारात्मक भएको उहाँले बताउनुभयो । समाजकल्याण परिषद्को पुनःसंरचना गर्ने, युवा उद्यमशीलता तथा नवप्रवर्तन प्रवर्द्धन, रोजगारी सिर्जना, लगानी वातावरण निर्माणलगायतका विषयमा बजेटले महत्वपूर्ण योजना तथा कार्यक्रम ल्याएको सांसद झाको भनाइ थियो ।

जनमत पार्टीका सांसद अब्दुल खांनले राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई लत्याएर आगामी आर्थिक वर्षको बजेट आएको आरोप लगाउनुभयो । “बजेट क्षेत्र केन्द्रित छ, देश केन्द्रित हुन सकेको छैन”, उहाँले भन्नुभयो । किसानका समस्या समाधानतर्फ बजेटमा पर्याप्त ध्यान नपुगेको उहाँले आरोप लगाउनुभयो । खेलाडीलाई तलबभत्ताको व्यवस्था गर्न आवश्यक रहेकामा उहाँले जोड दिनुभयो । सबै प्रतिपक्ष दललाई बजेटमाथिको छलफलमा भाग लिने वातावरण मिलाउन उहाँले सभामुखको ध्यानाकर्षण गराउनुभयो ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद रामप्रकाश चौधरीले नागरिकका आकांक्षा के हुन भनेर पूर्वबजेट छलफलका क्रममा संसदबाटै सरकारलाई जानकारी गराइए पनि त्यसको सुनुवाइ नभएको बताउनुभयो । सुनकोशी मरिन डाइभर्सन आयोजना र बागमती सिंचाई आयोजना निर्माणको विषय बजेटमा पर्नु सकारात्मक भएको सांसद चौधरीले बताउनुभयो ।

नागरिक उन्मुक्ति पार्टीका सांसद लालविर चौधरीले आगामी आर्थिक वर्षको बजेटमा रू तीन करोडभन्दा बढीको लागत रहेका योजना माग गरिएकामा रू एक लाख लागतसम्मका आयोजना पनि बजेटमा अटाएको बताउनुभयो । सांसदहरुले प्रस्ताव गरेका योजना तथा कार्यक्रममा बजेटमा हाल्न सके त्यसको अपनत्व बढ्ने र कार्यान्वयन पनि प्रभावकारी हुने उहाँले धारणा राख्नुभयो । किसानलाई पर्याप्त अनुदानको व्यवस्था गर्ने, मलखाद समयमा उपलब्ध गराउने जस्ता विषयमा बजेटले ध्यान पुर्‍याउन नसकेको उहाँले गुनासो गर्नुभयो । रासस




## विनियोजन विधेयक सर्वसम्मतिले स्वीकृत

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को नाराबाजीका बीच ‘विनियोजन विधेयक २०८२ माथि विचार गरियोस्’ भन्ने प्रस्ताव प्रतिनिधिसभाबाट सर्वसम्मतिले स्वीकृत भएको छ ।

‘भिजिट भिसा’ प्रकरणमा संसदीय छानबिन समिति गठनको माग गर्दै रास्वपाले दिनभर सदनमा नाराबाजी र ‘वेल’ घेराउ गरे पनि बैठक सञ्चालन भएको थियो । बैठकमा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले उक्त प्रस्ताव पेस गर्नुभएको हो ।

त्यसअघि बैठकमा विनियोजन विधेयकमाथिको सैद्धान्तिक छलफल भएको थियो । छलफलमा भाग लिँदै सांसद दामोदर पौडेलले निर्वाचनका बेला मतदातासमक्ष गरिएका वाचाअनुसार विकास-निर्माणका काम गर्न नसकिएको बताउनुभयो । नेपाल कम्युनिष्ट पार्टी (एस)का मेटमणि चौधरीले सदनमा प्रस्तुत भएको आगामी आर्थिक वर्षको विनियोजन विधेयक कुन क्षेत्रमा कति बजेट छुट्याउँदा मुलुकको गार्हस्थ्य उत्पादन बढ्छ, अर्थतन्त्रको आकार बढ्छ र उच्च अङ्कको आर्थिक वृद्धिदर हासिल हुन्छ भन्ने स्पष्ट नभएको बताउनुभयो ।

नेपाली कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का हितराज पाण्डेले सङ्घीयताको मर्मअनुसार वित्त हस्तान्तरण हुन नसकेको बताउनुभयो । वित्तीय समानीकरण अनुदान बढाएर सशर्त अनुदानको हिस्सा घटाउँदै जानुपर्नेमा सरकारले त्यसो गर्न नसकेको उहाँले बताउनुभयो । सोही पार्टीका रामकुमार राईले मुलुकभित्र पर्याप्त संख्यामा रोजगारी सिर्जना गर्न उद्योग, कृषिलगायत क्षेत्रलाई बजेटले प्राथमिकतामा राख्न नसकेको बताउनुभयो ।

सोही पार्टीका छिरिङडम्डुल लामाले कर्णाली प्रदेश र हुम्ला जिल्लालाई बजेटमार्फत विकासमा सरकारले विभेद गरेको आरोप लगाउनुभयो ।

नेपाली कांग्रेसकी कान्तिका सेजुवालले स्थानीय तहका आफ्नै ऐन, नियम, कानूनसमेत भएकाले सङ्घ सरकार बाट बजेट मात्र पठाएर उनीहरुलाई स्वतन्त्र रुपमा काम गर्न दिनुपर्ने बताउनुभयो ।

विभिन्न मन्त्रालयको बजेटमाथिको छलफल यही असार ५, ६ र ७ गत हुने र प्रधानमन्त्रीसँग प्रश्नोत्तर कार्यक्रम असार ६ गते हुने सभामुख देवराज घिमिरेले बताउनुभयो ।प्रतिनिधिसभाको अर्को बैठक यही असार ३ गते मङ्गलबार दिउँसो १:०० बजे बस्नेछ ।रासस




### सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय मिर्चैया, सिराहाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/०३/०३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

| **ऋणीको विवरण** | |
|---|---|
| **१.** नेवा साहको नाति, वलदेव साहको छोरा, सिराहा जिल्ला, साविक फुलवरीया गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया गा.पा./न.पा. वडा नं. ६ बस्ने **परमेश्वर साह हलुवाई** (ना.प्र.नं. १५५/९, जारी मिति २०४४/११/११, जि.प्र.का. सिराहा) । | **२.** बलदेव साहको नाति, परमेश्वर साह हलुवाईको छोरा, सिराहा जिल्ला, साविक फुलवरिया गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने **सुनिल कुमार साह** (ना.प्र.नं. १५१०९१/१३५८६, जारी मिति २०६८/०४/०८, जि.प्र.का. सिराहा) । |
| **ऋणी (१) को व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| बलदेव साहको नाति, परमेश्वर साह हलुवाईको छोरा, सिराहा जिल्ला, साविक फुलवरिया गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने **सुनिल कुमार साह** (ना.प्र.नं. १५१०९१/१३५८६, जारी मिति २०६८/०४/०८, जि.प्र.का. सिराहा) । | |
| **ऋणी (२) को व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| १. नेवा साहको नाति, वलदेव साहको छोरा, सिराहा जिल्ला, साविक फुलवरीया गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया गा.पा./न.पा. वडा नं. ६ बस्ने **परमेश्वर साह हलुवाई** (ना.प्र.नं. १५५/९, जारी मिति २०४४/११/११, जि.प्र.का. सिराहा) । | २. बलदेव साहको नाति, परमेश्वर साह हलुवाईको छोरा, सिराहा जिल्ला, साविक फुलवरिया गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने **सुशान्त कुमार साह** (ना.प्र.नं. १५-०१-७३-०६३६५, जारी मिति २०७३/०७/२३, जि.प्र.का. सिराहा) । |
| **ऋणी (१) र (२) को व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| बलदेब साहको बुहारी, परमेश्वर साह हलुवाईको पत्नि, सिराहा जिल्ला, साविक फुलवारी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने **निर्मला देबी साह** (ना.प्र.नं. ०३१२६९५५, जारी मिति २०६२/०९/२४, जि.प्र.का. सिराहा) । | |
| **धितोको विवरण** | |
| **ऋणी १ र २ को पक्षमा संयुक्त धितोबन्धकी कायम रहेको** परमेश्वर साह हलुवाई (ना.प्र.नं. १५५/९, जारी मिति २०४४/११/११, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, रामनगर गा.वि.स./न.पा. वडा नं. ४ नक्सा सिट नं. ४ क स्थित कि.नं. ३८८८ र ३८९० को क्षेत्रफल क्रमशः ०-०-९१/२ र ०-०-११ (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । | |

Siddhartha Bank

शाखा कार्यालय : मिर्चैया, सिराहा
फोन नं. ०३३-५५००८४
Website : www.siddharthabank.com

# एयर इन्डिया दुर्घटनापछि अवशेषहरूको प्रतीक्षामा आफन्तहरू

एएफपी

अहमदाबाद ।दशकौँमा विश्वको सबैभन्दा खराब विमान दुर्घटनापछि भारतीय स्वास्थ्य अधिकारीहरूले आफन्तहरूलाई आफ्ना प्रियजनहरूको शव हस्तान्तरण गर्न थालेका छन् । यद्यपि अधिकांश परिवारहरू अझै पनि डिएनए परीक्षणको नतिजाका लागि सोमबार प्रतीक्षा गरिरहेका छन् ।

पश्चिमी सहर अहमदाबादमा एयर इन्डियाको जेट दुर्घटना हुँदा मारिएका दुई सय ७९ जना मध्ये केहीको अन्त्येष्टि गरिएको छ भने अरूले पीडादायी प्रतीक्षाको सामना गरिरहेका छन् ।"उनीहरूले ४८ घण्टा लाग्छ भनेका थिए । तर चार दिन भइसक्यो र हामीले कुनै जवाफ पाएका छैनौँ", २२ वर्षीय रिनल क्रिश्चियनले भन्नुभयो । उहाँका दाजु जेटलाइनरमा यात्रु थिए ।

बिहीबार लन्डन जाने विमान अहमदाबादको आवासीय क्षेत्रमा ठोक्किँदा विमानमा सवार दुई सय ४२ यात्रु र चालक दलमध्ये एक जना मात्र बाँचेका थिए भने जमिनमा पनि कम्तीमा ३८ जनाको मृत्यु भएको थियो । "मेरो दाजु परिवारको एकमात्र कमाउने व्यक्ति थिए", क्रिश्चियनले आइतबार भन्नुभयो, "अब के हुन्छ ?"सहरको एक दाहसंस्कारमा करिब २० देखि ३० जना शोकाकुलहरूले लन्डनमा काम गरिरहेकी यात्रु मेघा मेहताको अन्त्येष्टि समारोहमा प्रार्थना गरे ।



अहमदाबादको सिभिल अस्पतालका डाक्टर राजनीश पटेलका अनुसार आइतबार बेलुकासम्म ८० दुर्घटना पीडितहरूको पहिचान भएको थियो ।"यो सावधानीपूर्वक र ढिलो प्रक्रिया हो, त्यसैले यो सावधानीपूर्वक मात्र गर्नुपर्छ", पटेलले भन्नुभयो ।आफ्नो नाम उल्लेख गर्न नचाहने एक पीडितका आफन्तले उनीहरूलाई कफिन प्राप्त गर्दा खोल्न नदिने निर्देशन दिइएको बताए । प्रत्यक्षदर्शीहरूले नराम्ररी जलेका शव र छरिएका अवशेषहरू देखेको बताएका छन् ।

कामदारहरूले आइतबार घटनास्थलबाट भग्नावेशष सफा गर्ने काम जारी राखेका थिए भने प्रहरीले क्षेत्रको निरीक्षण गरेको थियो ।बोइङ ७८७-८ ड्रिमलाइनर विमान उडान भरेको केही समयपछि मेडिकल स्टाफले प्रयोग गरेको भवनमा ठोक्किएको थियो ।विमानमा एक सय ६९ जना भारतीय, ५३ जना ब्रिटिस, सात जना पोर्चुगिज र एक जना क्यानाडाली तथा १२ जना चालक दलका सदस्य रहेको एयर इन्डियाले जनाएको छ ।

**हामीले जान्नुपर्छ**

भारतीय अधिकारीहरूले अझै पनि विपत्तिको कारण पहिचान गर्न सकेका छैनन् र एयर इन्डियाका ड्रिमलाइनरहरूको निरीक्षणको आदेश दिएका छन् ।

अधिकारीहरूले आइतबार दोस्रो ब्ल्याक बक्स, ककपिट भ्वाइस रेकर्डर, फेला परेको घोषणा गरेका छन् । यसले खोजकर्ताहरूलाई के गलत भयो भन्ने बारे थप सङ्केत दिन सक्छ ।उड्डयनमन्त्री राम मोहन नायडु किन्जारापुले शनिबार पहिलो ब्ल्याक बक्स, फ्लाइट डाटा रेकर्डरको डिकोडिङले दुर्घटनाको परिस्थितिमा 'गहिरो अन्तर्दृष्टि दिने' आशा गरेको बताउनुभयो ।

भग्नावशेषबाट एक व्यक्ति बेलायती नागरिक विश्वास कुमार रमेश जीवित निस्केका थिए । उनका भाइ पनि उडानमा थिए ।आफ्नो भाइलाई फेला पार्न डिएनए मिलानको पर्खाइमा रहेका इम्तियाज अलीले एयरलाइन्सले परिवारलाई छिटो सहयोग गर्नुपर्ने बताउनुभयो।"म उनीहरूसँग निराश छु । यो उनीहरूको कर्तव्य हो", शनिबार एयरलाइनले सम्पर्क गरेका अलीले भन्नुभयो, "अर्को चरण यो दुर्घटनाको कारण पत्ता लगाउनु हो । हामीले जान्नुपर्छ ।"

**एअर इन्डिया विमान दुर्घटनामा मारिनेको संख्या २७०**

भारतको अहमदाबादमा बिहीवार भएको एअर इन्डिया विमान दुर्घटनामा मारिएका २७० जनाको शव भेटिएको चिकित्सकहरूले बताएका छन्।

लन्डन गन्तव्य रहेको उक्त विमान उड्ने बित्तिकै आवासीय क्षेत्रमा खसेको थियो।२४२ यात्रु तथा चालक दलका सदस्यमध्ये एकजना ब्रिटिश यात्रुबाहेक सबैको मृत्यु भएको थियो। दुर्घटनामा जमिनमा कति मारिए भनेर यकीन जानकारी बटुल्ने काम भइरहेको अधिकारीहरूले बताएका छन्। मारिएकाहरूको पहिचानलाई डीएनएको माध्यमबाट पुष्टि गर्ने कामलाई निकै समय लाग्ने बताइएको छ। शुक्रवार घटनास्थलबाट ब्ल्याक बक्स भेटिएको थियो। भारतका नागरिक उड्डयन मन्त्री राममोहन नायडुले दुर्घटनाको कारण पत्ता लगाउन त्यो निकै सहायक हुने बताए।

अहमदाबादको सरदार बल्लभभाई पटेल अन्तर्राष्ट्रिय विमानस्थलबाट उडेको ६० सेकेन्ड नबित्दै उक्त विमान बीजे मेडिकल कलेज तथा सिभिल अस्पतालका चिकित्सकहरूको आवास रहेको भवनमा बज्रिएको थियो।शनिवार सो कलेजका जुनिअर डक्टर्स असोसिएसनका अध्यक्ष डा. धवल गामाटीले अस्पतालमा २७० शव पुष्टि भएको बताए।

तिनमा २४१ शव विमानका यात्रु तथा चालक दलका सदस्यहरूको भएको विश्वास गरिएको छ।

आफन्तहरूले दिएका डीएनएका नमुनामा आधारित भएर परीक्षण गर्दा ३० जनाको शव पहिचान भइसकेको बताइएको छ। भारत तथा यूकेमा मारिएकाहरूको सम्झनामा प्रार्थनाहरू गरिएका छन्। आइतवार लन्डनस्थित भारतीय उच्चायुक्तको कार्यालय अगाडि करिब १०० मानिस भेला भएका थिए। उनीहरूले मारिएकाहरूको सम्झनामा मैनबत्ती बालेका थिए।

उक्त समुदायका एकजना अगुवाले आफ्ना प्रियजन गुमाएका परिवार उनको पहिचान गर्न भारत गएको र अस्पतालमा डीएनए परीक्षणको नतिजा कुरिरहेको बताए।त्यहाँ भेला भएका धेरैले यो दुर्घटना किन र कसरी हुन गयो भन्ने जबाफ खोजिरहेको ती अगुवाले बताए।भारतको विमान दुर्घटना अनुसन्धान निकाय (एएआईबी)ले अनुसन्धानको नेतृत्व गरिरहेको छ भने उसलाई अमेरिका र यूकेका टोलीहरूले सघाइरहेका छन्।

हवाई यात्रा ट्र्याक गर्ने वेबसाइट फ्लाइटरेडार२४को डेटा अनुसार, उक्त बोइङ ड्रिमलाइनर ७८७-८ करिब ११ वर्ष पुरानो विमान थियो। उसले गत दुई वर्षमा अहमदाबाद र लन्डनको ग्याटविक विमानस्थलबीच २५ वटा उडान भरेको थियो। बिहीवारको दुर्घटनापश्चात् भारतको उड्डयन नियामक निकाय डीजीसीएले एअर इन्डियाका बोइङ ७८७-८ अनि ७८७-९ विमानहरूमा थप सुरक्षात्मक परीक्षणको आदेश दिएको छ।शुक्रवार भारतीय प्रधानमन्त्रीले दुर्घटनास्थलको निरीक्षण गरेका थिए भने एकमात्र जीवित यात्रु विश्वासकुमार रमेशसहित घाइतेहरूलाई भेटेका थिए।

# नेपाली क्रिकेटः स्कटल्याण्डको प्रभावकारी भ्रमणपछि अबको बाटो



बीबीसी

काठमाण्डु । पुछारमा रहेको आइसीसी विश्वकप लीग २ को अङ्क तालिकामा नेपाल त्यसै पनि कठिन अवस्थामा थियो। त्यसैबेला माथिल्लो स्थानमा रहेका दुई टोली स्कटल्यान्ड र नेदरल्यान्ड्ससँग उनीहरूको घरेलु पिचमा गएर खेल्नुलाई अझ कठिन चुनौती ठानिएको थियो।

तर नेपालले गजबको नतिजा निकाल्यो - ४ खेलमा ३ जित, त्यसमा पनि एक खेल जितको अत्यन्त नजिक पुगेर हार्न पुगेको थियो। समग्रमा यो नतिजाले डिभिजन २ मा नेपाललाई ठूलो राहत दिएको छ। नेपाली क्रिकेटको लागि यो केवल ६ अङ्कको नतिजा मात्र भएन, यसले खेलाडीहरूको मनोबल ह्वात्तै बढाएको मात्र होइन, जितको भोक अझै जगाइदिएको छ।अनि नयाँ प्रशिक्षक स्टुअर्ट ल ले पनि नेपाल आगमनको 'उद्घाटन' भव्य रूपमा गर्न पाएको देखियो।

स्कटल्यान्ड भ्रमणको प्रभावकारी प्रदर्शनमा खेल अगाडिको राम्रो तयारी, नयाँ प्रशिक्षकको रणनीति र खेलाडीहरूको फर्किएको 'फर्म'को भूमिका मुख्य देखियो। यी सबै पक्षलाई निरन्तरता दिँदै नेपालको अबको एक मात्र स्पष्ट लक्ष्य भनेको लीग तालिकामा उक्लिँदै जाने नै हुनेछ। स्कटल्यान्ड भ्रमणमा खेलाडीहरूले आफ्नो योग्यता अनुरूपको खेल पस्केका हुन्। धेरै पछि खेलाडीहरू आफ्नो फर्ममा फर्किएको जस्तो देखियो।

केही खेलाडीहरूले असाध्य राम्रो गरेका थिए।आरिफ शेखले मध्य क्रममा आफ्नो भूमिकालाई यो भ्रमणमा गजबले प्रमाणित गरे।आरिफले जीवनको दुई अविस्मरणीय अर्धशतक (७८ र ८४ रन) ठोक्दा दुवै खेलमा नेपालले जित पाएको थियो।करण केसीको प्रभाव कति पनि घटेको छैन र उनी 'म्याच विनर' खेलाडी भएको तथ्य उनको बलिङ र ब्याटिङले बोल्यो। पहिलो खेलमा स्कटल्यान्ड विरुद्धको अविजित ६५ रनको इनिङले उनलाई शृत्त लाको सुखद सुरुवात भएको थियो।

स्कटल्यान्ड विरुद्धको दोस्रो खेलको अन्तिम ओभरमा उनले घुमाएको ब्याटले 'बाउन्ड्री' नाघेको भए त यो भ्रमण 'सुनमाथि सुगन्ध' नै हुने थियो।म्याच विनरको छविमा एउटा खेल थपिने थियो र नेपाल शतप्रतिशत नतिजा लिएर फर्किने थियो।सोमपाल कामीले वास्तविक अलराउन्डरको छवि कायम राख्दै ब्याट र बलमा आफ्नो क्षमता देखाएका हुन्। स्कटल्यान्डसँगको ६७ रन उनीमाथि गरिएको विश्वासको फल थियो।

नन्दन यादवले आफ्नो डेब्यूलाई स्मरणीय बनाउन सके। नेदरल्यान्ड्स विरुद्धको अन्तिम खेलमा उनले लिएको ३ विकेट नेपालको जितको एउटा मुख्य कारण बन्यो। मोन्टी देशाईले एक खाले गहिरो छाप छोडेर गएको नेपाली क्रिकेट सम्हाल्न आएका अस्ट्रेलियाका प्रशिक्षक स्टुअर्ट ल को क्षमताको यो पहिलो परीक्षा पनि थियो।उनी यसमा खरो उत्रिएको देखियो।

"मलाई हार्न मन पर्दैन" भन्ने अभिव्यक्ति दिएर मिडियामा सार्वजनिक भएका स्टुअर्ट ल प्रभावकारी देखिए।उनले नेपाली क्रिकेट र खेलाडीको क्षमता झट्टै चिनेको देखियो। राष्ट्रिय टोलीमा पहिलोपटक खेलिरहेका नन्दन यादवले प्रशिक्षकका बारेमा भनेका थिए, "उनी खेललाई सामान्य राख्न प्रयास गर्छन्। दबाव नदिएर हौसला दिने। ज्ञानु दाइ (सहायक प्रशिक्षक) ले पनि त्यसै भन्नु हुन्थ्यो। त्यसले गर्दा टोलीमा सहज भएको छ।"कठिन समयमा नेपाली टोली सम्हाल्न आइपुगेका ल ले यसै वर्ष हुने लीग २ को दुई शृत्त लामा यो जादु कायम गर्नुपर्ने छ। प्रशिक्षक ल को अबको चुनौती आफूले भर्खरै छोडेको राष्ट्र अमेरिकाविरुद्ध हुनेछ।

नेपालले आगामी अक्टोबरमा यूएई र अमेरिका सम्मिलित पाँचौँ शृंखला यूएईमा खेल्नेछ।आइसीसी टी २० विश्वकपमा ल ले अमेरिकालाई दोस्रो चरणसम्म पुऱ्याउने क्रममा पाकिस्तान जस्तो टीमलाई पराजित गर्न सकेका थिए।अमेरिका लीग तालिकाको शीर्ष स्थानमा छ। अमेरिकी खेलाडीलाई भित्रैदेखि चिनेका ल ले उनीहरूविरुद्ध त्यस्तै रणनीति पक्कै बनाउने छन्।तालिकाको पुछारमा रहेको यूएई भने नेपालले धेरै खेलेको र चिनेको प्रतिद्वन्द्वी हो।

त्यसपछि नोभेम्बरमा नेपालले ओमान र यूएईलाई नेपालमा आमन्त्रण गर्नेछ।घरेलु भूमिमा ल को त्यो पहिलो प्रतियोगिता हुनेछ।आन्तरिक विवादका कारण ओमानका कतिपय राम्रा खेलाडीहरू टोलीमा छैनन्। त्यो नेपालको लागि झिनो फाइदाको विषय हुन सक्ने छ।यद्यपि तालिकाको चौथो स्थानमा रहेको ओमान कमजोर टोली भने हुने छैन।नेपालले यो वर्ष टी २० का लागि पनि तयारी गर्नु छ । साथै लीग २ मा केन्द्रित भएर टोलीले प्रशिक्षणमा समय बिताउनु उत्तिकै जरुरी छ।

## बङ्गलादेश :
# फरार पूर्व नेता हसिनालाई मुद्दाको सामना गर्न फर्कन आदेश



एएफपी

ढाका । बङ्गलादेशको युद्ध अपराध अदालतले सोमबार फरार पूर्व नेता शेख हसिनालाई मानवता विरुद्धको अपराधको आरोपमा मुद्दाको सामना गर्न फर्कन आदेश दिएको छ ।सतहत्तर वर्षीया हसिना सन् २०२४ अगस्टमा विद्यार्थी नेतृत्वको जन विद्रोहको चरमोत्कर्षमा हेलिकप्टरबाट ढाका छोडेर भारत भाग्नुभएको थियो । उहाँले बङ्गलादेश फर्कने प्रत्यर्पण आदेशको अवहेलना गर्नुभएको छ ।

संयुक्त राष्ट्रसङ्घका अनुसार हसिनाको सरकारले सत्तामा टिकिरहने असफल प्रयासमा दमनकारी कारबाही सुरु गर्दा सन् २०२४ जुलाई र अगस्टको बीचमा एक हजार चार सय जनासम्मको मृत्यु भएको थियो ।हसिना र उहाँको पदच्यूत सरकार र उहाँको अहिले प्रतिबन्धित पार्टी अवामी लिगसँग जोडिएका पूर्व वरिष्ठ व्यक्तित्वहरूमाथि बङ्गलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरण (आइसिटी) मा मुद्दा चलाइएको छ ।

अभियोजकहरूले हसिनाविरुद्ध उक्साहट, उत्प्रेरणा, संलग्नता, सहजीकरण, षड्यन्त्र र सामूहिक हत्या रोक्न असफलता सहित पाँच आरोप दायर गरेका छन् । ती आरोप बङ्गलादेशी कानूनअनुसार मानवता विरुद्धको अपराधसम्म पुग्छन् ।"अदालतले अभियोजन टोलीलाई यथाशीघ्र अदालतमा उपस्थित हुन बोलाउने सूचना जारी गर्न निर्देशन दिएको छ", मुख्य अभियोजक मुहम्मद ताजुल इस्लामले सोमबार भन्नुभयो ।

हसिना फर्किन असफल भएमा जुन २४ मा उहाँको अनुपस्थितिमा मुद्दा सुरु हुनेछ ।हसिनाले गृह मन्त्रालय र प्रहरीका निर्देशनहरूमार्फत सुरक्षा बलहरूलाई प्रदर्शनहरू दबाउन आदेश दिनुभएको थियो भन्ने अभियोजनको तर्क छ ।हसिनामाथि अन्य दुई अधिकारीसँगै मुद्दा चलिरहेको छ ।तीमध्ये एक, पूर्व गृहमन्त्री असदुज्जमान खान कमाल हुनुहुन्छ । उहाँमाथि समान आरोपहरू छन् । उहाँ पनि फरार हुनुहुन्छ ।

दोस्रो, पूर्व प्रहरी प्रमुख चौधुरी अब्दुल्लाह अल मामुन हिरासतमा हुनुहुन्छ र सोमबार उहाँ अदालतमा उपस्थित हुनुभएको थियो ।हसिना सरकारका वरिष्ठ व्यक्तिहरूको अभियोजन अहिले सत्ताका लागि सङ्घर्ष गरिरहेका धेरै राजनीतिक दलहरूको प्रमुख माग हो ।अन्तरिम सरकारले सन् २०२६ अप्रिलमा चुनाव गराउने बताएको छ । यद्यपि केही दलले पहिले मतदानका लागि दबाब दिइरहेका छन् ।

# इरानद्वारा नयाँ अर्थमन्त्री नियुक्त

एएफपी

तेहरान । बढ्दो मुद्रास्फिति र घट्दो मुद्रालगायत बढ्दो आर्थिक समस्यासँग जुध्न मन्त्री परिषद्ले नियुक्त गरिएका अली मदनी जादेहलाई सोमबार नयाँ अर्थमन्त्रीका रूपमा अनुमोदन गरेको छ ।

इरानका पूर्ववर्ती अब्दोलनासेर हेम्मातीलाई आर्थिक समस्या समाधान गर्न असफल भएको भन्दै अविश्वासको प्रस्तावमा सत्ताच्युत गरिएको केही महिनापछि ४३ वर्षीय मदनीजादेहलाई इरानको अर्थमन्त्रीमा नियुक्त गरिएको हो ।सरकारी टेलिभिजनका अनुसार मदनीजादेहले २९० सदस्यीय संसद्मा उपस्थित सांसदको पक्षमा १७१ विपक्षमा ६१ मत प्राप्त भएको छ भने आठ सांसद अनुपस्थित रहेका छन् ।इरानको अर्थतन्त्र लामो समयदेखि अमेरिकी प्रतिबन्धका कारण तनावमा रहेको छ, जसले लगातार दोहोरो अङ्कको मुद्रास्फीति र बढ्दो उपभोक्ता मूल्यलाई बढावा दिएको छ।

गत जनवरीमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तेहरानमाथि 'अधिकतम दबाब' दिने प्रतिबन्ध अभियानलाई पुनः सुरु गर्नुभएको थियो ।

# लस एन्जेलसमा कर्फ्यू "केही दिन" जारी रहने छ : मेयर

एएफपी

लस एन्जेलस ।लस एन्जेलसमा राति लगाइएको कर्फ्यू 'केही दिन' जारी रहने मेयर करेन बासले आइतबार बताउनुभएको छ ।

यो नवौँ दिनको प्रदर्शन हो जसले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई सैन्य समर्थित दमनकारी कारबाही सुरु गर्न बाध्य बनाएको छ ।डेमोक्रेट नेतृत्वको क्यालिफोर्नियाको भारी ल्याटिनो जनसंख्या भएको सहरमा कागजातविहीन आप्रवासीहरूलाई पक्रन ट्रम्प प्रशासनले सुरु गरेको आप्रवासन छापाको विरोधमा प्रदर्शनकारीहरूले जुन ६ देखि विरोध प्रदर्शन सुरु गरेका थिए ।



ऱ्यालीहरू प्रायः शान्तिपूर्ण र डाउनटाउन लस एन्जलसको सानो क्षेत्रमा सीमित छन्, तर छिटपुट र आँखा खिच्ने हिंसाले बिगारेको छ। ऱ्यालीलाई रिपब्लिकन ट्रम्पले चार हजार नेसनल गार्ड र सात सय मरिन पठाउने बहानाको रूपमा प्रयोग गर्नुभएको छ । स्थिति नियन्त्रणमा रहेको दाबी गर्ने स्थानीय अधिकारीहरूको विरोधका कारण यो असाधारण तैनाथी भएको हो ।

बासले तोडफोड र लुटपाटका घटनाहरू रोक्नका लागि विरोध प्रदर्शनको मुटुमा रहेको डाउनटाउन क्षेत्रमा जुन १० मा रातभर कर्फ्यू जारी गर्नुभएको थियो । आइतबार उहाँले हिंसात्मक घटनाहरूका पछाडि रहेका व्यक्तिहरूको स‌त्_या ' कम हुनेछ' भन्ने आशा गरिरहेको बताउनुभयो ।

"त्यसैले मलाई थाहा छ कर्फ्यू कम्तीमा केही दिनसम्म चल्नेछ", स्थानीय समाचार च्यानल केटिएलएसँगको टेलिभिजन अन्तर्वार्तामा अझ कति दिन लाग्ने भनेर भविष्यवाणी गर्न नसक्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, "हामीलाई थाहा छैन कति छापाहरू हुनेछन्, हामीलाई थाहा छैन छापाहरूको प्रकृति के हुनेछ र हरेक पटक त्यस्तो हुँदा यसले सहरमा धेरै रिस उत्पन्न गर्छ ।"

प्रदर्शनबाट अप्रभावित देखिनुभएका ट्रम्पले आइतबार सङ्घीय अधिकारीहरूलाई लस एन्जेलस सहित उनीहरूको निर्वासन प्रयासहरू बढाउन निर्देशन दिनुभयो ।बासले लस एन्जलसमा अध्यागमन तथा भन्सार प्रवर्तन (आइसिई) एजेन्सीले छापा मारेको आक्रोश र डरको उल्लेख गर्नुभयो ।

"मानिसहरू आफ्नो घर छोड्न डराउँछन् । छापाहरूले कहिलेकाहीँ 'अन्धाधुन्ध' लाग्छन्", उहाँले भन्नुभयो, "यो संयुक्त राज्य अमेरिका हो । यदि तपाईं सार्वजनिक रूपमा बाहिर जानुहुन्छ भने तपाईंले आफ्ना कागजातहरू देखाउनु पर्दैन । यो लक्षित छ भनेर विश्वास गर्न मलाई गाऱ्हो छ ।"ट्रम्पले सामाजिक सञ्जालमा आइसिई एजेन्टहरूलाई 'हिंसा, उत्पीडन र धम्कीहरू' को सिकार भएको बताउनुभयो र उनीहरूलाई सामूहिक निर्वासनलाई प्रभाव पार्न 'आफ्नो शक्तिमा सबै गर्न' आदेश दिनुभयो ।

शनिबार ठूला ऱ्याली र मार्चपछि आइतबार लस एन्जेलस प्रायः शान्त थियो । देशभरका ट्रम्प विरोधी 'नो किङ्स' शृंखलाका प्रदर्शनहरूको हिस्सास्वरूप हजारौँ मानिसले छापाहरू र सैन्य दमनको निन्दा गर्न भाग लिएका थिए ।प्रदर्शनकारीहरूको सानो समूहले घमाइलो दिउँसो कानून प्रवर्तनको निगरानीमा सिटी हलको वरिपरि मार्च गरेको थियो । प्रर्दशनमा बिकिनी लगाएका केही महिलाले 'हट गर्ल समर मेल्ट आइसिई' जस्ता नाराहरू लेखिएका प्लेकार्डहरू बोकेका थिए ।

# इरान र इजरायललाई तनाव कम गर्न 'तुरुन्तै' कदम चाल्न चीनको आग्रह

एएफपी

बेइजिङ । तेहरानले इजरायली सहरहरूमा मिसाइल आक्रमणको वर्षा गरेपछि र इजरायलले इरानभित्र गहिरो सैन्य लक्ष्यहरूमा प्रहार गरेपछि चीनले सोमबार इरान र इजरायललाई तनाव कम गर्न 'तुरुन्तै' कदम चाल्न आग्रह गरेको छ ।


"हामी सबै पक्षलाई तुरुन्तै तनाव घटाउने उपायहरू अपनाउन, क्षेत्रलाई ठूलो अशान्तिमा डुब्नबाट रोक्न र वार्तालापमार्फत समस्या समाधानको सही बाटोमा फर्कने अवस्था सिर्जना गर्न आग्रह गर्छौं", चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले भन्नुभयो ।दशकौँको शत्रुता र प्रोक्सी तथा गुप्त अपरेसनहरूमार्फत लडिएको लामो छायाँ युद्धपछि गत हप्ता इजरायलको इरानमाथिको अचानक आक्रमणले अहिलेसम्मकै तीव्र लडाइँ सुरु गरेको छ र लामो द्वन्द्वको डर जगाएको छ । यो द्वन्द्वले मध्यपूर्वलाई समेट्न सक्छ ।

इजरायलले आफ्नो आक्रमणले सैन्य र आणविक सुविधाहरूमा प्रहार गरेको र धेरै शीर्ष इरानी कमान्डर र आणविक वैज्ञानिकहरू मारिएको बताएको छ । यद्यपि एक वरिष्ठ अमेरिकी अधिकारीले आइतबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायललाई सर्वोच्च नेता आयातुल्लाह अली खामेनीलाई मार्ने योजनाबाट पछि हट्न भन्नुभएको बताउनुभयो ।चीनका शीर्ष कूटनीतिज्ञ एवं विदेशमन्त्री वाङ यीले शनिबार आफ्ना इजरायली र इरानी समकक्षीहरूसँग गर्नुभएको फोनवार्तामा उहाँले दुवैलाई तेहरानप्रति बेइजिङको समर्थन स्पष्ट पार्नुभएको विदेश मन्त्रालयले बताएको छ ।



# सातै प्रदेशले ल्याए बजेट, कुन प्रदेशको कति ?

काठमाण्डु । सातवटै प्रदेशले आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक आय र व्ययको अनुमान (बजेट) सम्बन्धित प्रदेशसभामा पेस गरेका छन् । कर्णाली प्रदेशले आइतबार मध्यरातमा बजेट ल्याएको छ । केन्द्र सरकारमा जस्तै प्रदेशमा पनि न्यून राजस्व र स्रोतको चाप व्यवस्थापन मुख्य चुनौतीका रूपमा देखिन्छ। सबैजसो प्रदेशले अघिल्ला आर्थिक वर्षमा खर्च गर्न नसकेर बचत रहेको रकमलाई पनि बजेट स्रोत देखाएका छन् । गण्डकी र मधेस प्रदेशले घाटा बजेट ल्याएर आन्तरिक ऋण उठाउने गरी बजेटको जोहो गरेका छन् । आगामी आर्थिक वर्षमा गण्डकी प्रदेशले रु एक अर्ब ७५ करोड र मधेस प्रदेशले रु दुई अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य राखेका छन् ।




### कर्णाली प्रदेश

प्रतिपक्षी दलको अवरोधका कारण कर्णाली प्रदेशसभा बस्न नसकेपछि वार्षिक राजस्व र व्ययको अनुमान पेस गर्ने कार्यसूची प्रभावित भएको थियो । आइतबार मध्यरातमा प्रदेशसभा बैठक सञ्चालन भएपछि त्यहाँका आर्थिक मामिला तथा योजनामन्त्री राजिवविक्रम शाहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान प्रदेशसभामा पेस गर्नुभयो ।

कर्णाली प्रदेशले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि रु ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजार बराबरको बजेट ल्याएको छ । यो चालु आर्थिक वर्षको बजेटभन्दा करिब पाँच प्रतिशत बढी हो । कूल विनियोजनमध्ये चालुतर्फ रु सात अर्ब ७९ करोड ९१ लाख एक हजार अर्थात् २३.६४ प्रतिशत रहेको छ। पुँजीगततर्फ रु १९ अर्ब ९८ करोड २७ लाख १३ हजार अर्थात् कूल विनियोजनको ६०.५५ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु ६१ करोड ५० लाख अर्थात् कूल विनियोजनको १.६६ प्रतिशत बजेट छुट्याइएको छ । स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रु चार अर्ब ५९ करोड ९८ लाख ४१ हजार अर्थात् १३.९५ प्रतिशत विनियोजन गरिएको छ ।

उक्त बजेटको स्रोतमध्ये आन्तरिक आयबाट रु ९६ करोड ७४ लाख ११ हजार, चालु आर्थिक वर्ष खर्च हुन नसकी बचत हुने बजेटबाट रु पाँच अर्ब ६९ करोड ६८ लाख ४४ हजार र सङ्घीय सरकारबाट राजस्व बाँडफाँटबाट जाने रु १० अर्ब २७ करोड ३० लाख स्रोत व्यहोर्ने अनुमान गरिएको छ। वित्तीय समानीकरण अनुदानबाट रु १० अर्ब ५६ करोड चार लाख, सशर्त अनुदानबाट रु चार अर्ब ४४ करोड ६० लाख, समपुरक अनुदानबाट रु ५३ करोड ९७ लाख र विशेष अनुदानबाट रु ४९ करोड ४६ लाख स्रोत परिचालन गरिने अनुमान छ।

### सुदूरपश्चिम प्रदेश

सुदूरपश्चिम प्रदेशले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि रू ३३ अर्व ४७ करोड ६० लाख ४८ हजारको बजेट ल्याएको छ । आइतबार सुदूरपश्चिम प्रदेशसभा बैठकमा आर्थिक मामिलामन्त्री बहादुर सिंह थापाले आगामी आर्थिक वर्षको बजेट पेस गर्नुभयो । यो प्रदेशले ल्याएको आगामी आर्थिक वर्षको कूल बजेटमध्ये चालुतर्फ रू १० अर्व २० करोड ८१ लाख ४२ हजार अर्थात् ३०.४९ प्रतिशत, पुँजीगततर्फ रू १९ अर्व ८३ करोड दुई लाख छ हजार अर्थात् ५९.२५ प्रतिशत र अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत रु तीन अर्व ४२ करोड ७७ लाख अर्थात् १०.२४ प्रतिशत विनियोजन गरिएको छ । वित्तीय व्यवस्थातर्फ रू एक करोड छुट्ट्याएको छ।

सुदूरपश्चिम सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि अनुमान गरेको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजस्व परिचालनबाट रू एक अर्व ६५ करोड, सङ्घ सरकारबाट राजस्व बाँडफाँट भई प्राप्त हुने रू नौ अर्व ८७ करोड २५ लाख, सङ्घीय रोयल्टी बाँडफाँट वापत प्राप्त हुने रकम रू आठ करोडलाई बजेटको स्रोत देखाइएको छ । त्यसैगरी सङ्घ सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रू आठ अर्ब ९२ करोड ५६ लाख, चालु आर्थिक वर्ष २०८१/८२ को विनियोजनबाट बचत हुने अनुमानित रकम रू सात अर्व ६६ करोड ६३ लाख ४८ हजार, सशर्त अनुदानबाट प्राप्त हुने रू चार अर्व १६ करोड ३० लाख, सङ्घीय समपूरक अनुदानबाट प्राप्त हुने रू ६० करोड २६ लाख र विशेष अनुदानबाट प्राप्त हुने रू ५१ करोड ६० लाखलाई आगामी आर्थिक वर्षको व्ययको स्रोत अनुमान गरिएको छ।

### लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेश आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले आइतबार लुम्बिनी प्रदेशसभामा बजेट प्रस्तुत गर्नुभयो । लुम्बिनीले आगामी आर्थिक वर्षका लागि कूल रु ३८ अर्ब ९१ करोडको बजेट ल्याएको छ। जसमध्ये, चालुतर्फ रु १२ अर्ब एक करोड ४७ लाख ८६ हजार अर्थात् ३०.८८ प्रतिशत र पुँजीगततर्फ रु २३ अर्ब ४७ करोड १४ लाख ६५ हजार अर्थात् ६०.३२ प्रतिशत र वित्तीय हस्तान्तरणतर्फ रु तीन अर्ब ४२ करोड ३७ लाख ४९ हजार अर्थात् ८.८० प्रतिशत छ।

लुम्बिनी प्रदेशले आगामी आर्थिक वर्षमा अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजस्वबाट रु सात अर्ब ७८ करोड ४ लाख नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटबाट रु ११ अर्ब ८६ करोड ५६ लाख, नेपाल सरकारबाट प्राप्त हुने रोयल्टी रु ४१ करोड ५० लाख, स्थानीय तहबाट बाँडफाँड भई प्राप्त हुने राजस्व रु दुई अर्ब ८२ करोड ९० लाख प्राप्त हुने अनुमान गरिएको छ । सङ्घ सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रु आठ अर्ब ४४ करोड ४४ लाख, सशर्त अनुदानबाट रु चार अर्ब ६६ करोड १५ लाख, समपुरक अनुदानबाट रु ५१ करोड ४० लाख, विशेष अनुदानबाट रु ४० करोड र चालु आर्थिक वर्षको नगद मौज्दातबाट रु दुई अर्ब परिचालन गर्नेगरी बजेटको स्रोत देखाइएको छ।

### गण्डकी प्रदेश

आगामी आर्थिक वर्षका लागि गण्डकी प्रदेशले रू ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजार बराबरको बजेट ल्याएको छ। आइतबार गण्डकी प्रदेशसभामा आर्थिक मामिलामन्त्री डा टकराज गुरुङले आगामी आर्थिक वर्षको आय र व्ययको अनुमान पेस गर्नुभयो।

आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्चमध्ये चालुतर्फ रू १२ अर्ब ६३ करोड ६६ लाख ७५ हजार अर्थात कूल विनियोजनको ३९.५ प्रतिशत रहेको छ। पूँजीगततर्फ रू १९ अर्ब नौ करोड ३३ लाख २४ हजार अर्थात् कूल विनियोजनको ५९ दशमलव ७ प्रतिशत र वित्तीय व्यवस्थातर्फ २५ करोड अर्थात कूल विनियोजनको ०.८ प्रतिशत छ। यो प्रदेशले आगामी वर्षमा रू एक करोड ५४ लाख ५२ हजार सञ्चित कोषमाथि व्ययभार हुने अनुमान गरेको छ।

गण्डकी प्रदेशका लागि आगामी आर्थिक वर्षका लागि छुट्ट्याइएको बजेटको स्रोतमध्ये केन्द्र सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रू सात अर्ब ७३ करोड ८९ लाख, राजस्व बाँडफाँटबाट रू नौ अर्ब ७९ करोड २९ लाख ४० हजार, रोयल्टी बाँडफाँटबाट रू ४९ करोड ८९ लाख ७७ हजार, सशर्त अनुदानतर्फ रू तीन अर्ब ३५ करोड ६४ लाख, समपूरक अनुदानतर्फ रु ६३ करोड ९७ लाख र विशेष अनुदानतर्फ रू ४९ करोड ८६ लाख प्राप्त हुने गरी स्रोतको अनुमान गरिएको छ। यो प्रदेशले आगामी आर्थिक वर्ष आन्तरिक राजस्व रू पाँच अर्ब ४५ करोड ८४ लाख ८८ हजार उठाउने अनुमान गरेको छ। साथै, चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम कार्यान्वयन पश्चात रू दुई अर्ब २४ करोड ५० लाख ९४ हजार नगद मौज्दात बचत हुने रकमलाई पनि बजेटको स्रोत देखाइएको छ। बाँकी रु एक अर्व ७५ करोड आन्तरिक ऋण उठाउने गण्डकी प्रदेश सरकारको योजना छ।

### बागमती प्रदेश

बागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले आगामी आर्थिक वर्षको बजेट प्रदेशसभामा पेस गर्नुभयो । बागमती प्रदेशले आगामी आर्थिक वर्षको लागि प्रस्तावित सरकारका योजना तथा कार्यक्रम कार्यान्वयन गर्न रु ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजार बजेट छुट्ट्याएको छ। कूल विनियोजनमध्ये चालुतर्फ रु २६ अर्ब चार करोड ४६ लाख ९१ हजार र पुँजीगततर्फ रु ४१ अर्ब ४३ करोड २६ लाख ३६ हजार विनियोजन गरिएको छ । कूल विनियोजन मध्ये चालुतर्फ ३८.६० प्रतिशत र पुँजीगततर्फ ६१.४० प्रतिशत हुन आउँछ।

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षको खर्च व्यहोर्ने स्रोत मध्ये कर राजस्वबाट रु २८ अर्ब ८७ करोड ८२ लाख १ हजार र अन्य राजस्वबाट रु ६ अर्ब ७९ करोड चार लाख १३ हजार उठाउने लक्ष्य राखेको छ । सङ्घीय वित्तीय हस्तान्तरणबाट प्राप्त हुने रु १४ अर्ब ८१ करोड ९३ लाख, चालु आर्थिक वर्षको अनुमानित सञ्चित कोषको बचत र विविध प्राप्तिबाट रु १६ अर्ब ९८ करोड ९४ लाख १३ हजार व्यहोरिने अनुमान गरिएको छ।

### मधेस प्रदेश

मधेस प्रदेशका अर्थमन्त्री सुनिलकुमार यादवले आइतबार मधेस प्रदेशसभामा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्नुभयो। यो प्रदेशले आगामी आर्थिक वर्षका लागि कूल रु ४६ अर्ब ५८ करोड ३३ लाख ५१ हजारको बजेट ल्याएको छ । कूल विनियोजनमध्ये चालुतर्फ रु १६ अर्ब ७२ करोड पाँच लाख १७ हजार अर्थात् ३५.८९ प्रतिशत र पुँजीगततर्फ रु ३० अर्ब २६ करोड २८ लाख ३४ हजार अर्थात् ६४.११ प्रतिशत रहेको छ । यो खर्च अनुमान चालु आर्थिक वर्षको बजेटको तुलनामा ६.१३ प्रतिशत बढी हो ।

मधेस प्रदेशको आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु नौ अर्ब ५० करोड ८३ लाख स्रोत व्यहोर्ने अनुमान गरिएको छ। सङ्घ सरकारबाट जाने वित्तीय समानीकरण अनुदानबाट रु सात अर्ब ७२ करोड १९ लाख तथा शसर्त अनुदानबाट रु चार अर्ब २६ करोड १८ लाख, विशेष अनुदान बाट रु ३९ करोड ४५ लाख र समपुरक अनुदानबाट रु ३५ करोड ८२ लाख गरी जम्मा रु १२ अर्ब ७३ करोड ६४ लाख बराबर वित्तीय हस्तान्तरणमार्फत जाने रकमलाई आगामी आर्थिक वर्षको बजेट स्रोतका रूपमा देखाइएको छ। सङ्घीय राजस्व बाँडफाँटवाट रु १२ अर्ब ३५ करोड ८४ लाख प्रापत हुने र गत वर्षको नगद मौज्दातबाट रु १० अर्ब ३८ करोड दुई लाख ५१ हजार बराबर स्रोत व्यहोरिने अनुमान गरिएको छ। बाँकी अपुग रु दुई अर्ब रकम आन्तरिक ऋण उठाएर पूर्ति गर्ने गरी मधेस प्रदेशले बजेट स्रोत देखाएको छ।

### कोशी प्रदेश

कोशी प्रदेशले आगामी आर्थिक वर्षका लागि रू ३५ अर्ब ८७ करोड ९९ लाख विनियोजन गरेको छ। कूल विनियोजनमध्ये चालुतर्फ रु १८ अर्ब ६७ करोड ३३ लाख अर्थात् ५२ प्रतिशत, पूँजीगततर्फ रु १७ अर्ब १० करोड ६५ लाख अर्थात् ४७.७ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु १० करोड अर्थात ०.३ प्रतिशत रहेको छ। कोशी प्रदेशको यो बजेटको आकार चालु आर्थिक वर्षको बजेटको तुलनामा १.७ प्रतिशतले बढी हो । कूल विनियोजनमा स्थानीय तहमा जाने वित्तीय हस्तान्तरणतर्फको रकम रु चार अर्ब ७० करोड ७२ लाख रहेको छ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च ब्यहोर्ने स्रोतमध्ये कोशी प्रदेश सरकारको आन्तरिक राजस्वबाट रू पाँच अर्ब ५० करोड, राजस्व बाँडफाँटबाट रू १२ अर्ब ३९ करोड ६० लाख र सङ्घबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रू चार अर्ब ९८ करोड ३४ लाखलाई बजेट स्रोत देखाइएको छ। सशर्त अनुदानबाट रु चार अर्ब ५७ करोड १० लाख, समपुरक अनुदानबाट रु ३९ करोड़ १७ लाख र विशेष अनुदानबाट रू ५५ करोड ७२ लाख गरी राजस्व तथा वित्तीय हस्तान्तरणबाट जम्मा रू ३२ अर्ब ७४ करोड र रोयल्टीबाट प्राप्त हुने रकमबाट रु ३५ करोड ९९ लाखलाई बजेट स्रोत देखाइएको छ।

बाँकी अपुग रकम नगद चालु आर्थिक वर्षमा खर्च गर्न नसकेको बजेट मौज्दातबाट रू तीन अर्ब १३ करोड ब्यहोर्ने गरी स्रोतको अनुमान गरिएको छ । कोशी प्रदेशसभामा त्यहाँका आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले आगामी आर्थिक वर्षको बजेट वक्तव्य प्रस्तुत गर्नुभएको थियो । कोशी प्रदेशले आगामी आर्थिक वर्ष ५.३ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य बजेटमार्फत् राखेको छ ।रासस



## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋृणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८२/०३/०३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋृणीहरुले लिनु भएको ऋृण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋृणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋृण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋृणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋृणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋृणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ऋृणीको विवरण | |
|---|---|---|
| १. | **नाम : अर्जुन ट्रेडर्स**<br>दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग कार्यालय, गौर रौतहट<br>दर्ता नं. : १०४३७/११३७, दर्ता मिति : २०७७/१०/०४<br>रजिष्टर्ड कार्यालय : रघुनाथपुर - ४ (गरुडा - ९), रौतहट<br>**प्रोप्राइटर : सुमिन्त्रा देवी**<br>**शाखा कार्यालय : चन्द्रनिगाहपुर** | |
| | **ब्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : राजेश्वर दास तत्मा**<br>बाबुको नाम : जीया दास तत्मा<br>बाजेको नाम : बिरा दास<br>ठेगाना : रघुनाथपुर - ८, रौतहट<br>हाल : गरुडा - ९, रौतहट<br>ना.प्र.प.नं. : १३५<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६१/०४/१५ | **२. नाम : सुमिन्त्रा देवी**<br>पतिको नाम : राजेश्वर दास तत्मा<br>ससुराको नाम: जीया दास तत्मा<br>ठेगाना : रघुनाथपुर - ८, रौतहट<br>हाल : गरुडा - ९, रौतहट<br>ना.प्र.प.नं. : ३२३०८३/५१४<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/१०/०९ |
| | **धितोको विवरण** | |
| | सुमिन्त्रा देवीको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता रहेको रघुनाथपुर - ४ क, रौतहट स्थित कित्ता नं. ९६९ र ९७१ को क्षेत्रफल क्रमश: ०-०-७१/४ र ०-०-७१/४ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| | **ऋृणीको विवरण** | |
| २. | **नाम : महेश राय यादव**<br>बाबुको नाम : सोहराई राय यादव, बाजेको नाम : भुखल राय यादव<br>ठेगाना : प्रेमपुर गोनाही - १, रौतहट, हाल : देवाही गोनाही - ७, रौतहट<br>ना.प्र.प.नं. : ३२-३-७२/३६, जि.प्र.का. रौतहट, जारी मिति : २०७२/०२/२७<br>**शाखा कार्यालय : गरुडा** | |
| | **ब्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : मुकेश राय यादव**<br>बाबुको नाम : सोहराई राय यादव<br>बाजेको नाम : भुखल राय यादव<br>ठेगाना : प्रेमपुर गोनाही - १, रौतहट<br>हाल : देवाही गोनाही - ७, रौतहट<br>ना.प्र.प.नं. : ३२-०१-७६-०१३०१<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७६/०२/०९ | **२. नाम : सोहराई राय यादव**<br>बाबुको नाम : भुखल राय यादव<br>बाजेको नाम : भुजन राय<br>ठेगाना : प्रेमपुर गोनाही - १, रौतहट<br>हाल : देवाही गोनाही - ७, रौतहट<br>ना.प्र.प.नं. : १४३४-६९<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०४४/११/२१ |
| | **३. नाम : फुली देवी**<br>पतिको नाम : सोहराई राय यादव, ससुराको नाम : भुखल राय यादव<br>ठेगाना : प्रेमपुर गोनाही - १, रौतहट, हाल : देवाही गोनाही - ७, रौतहट<br>ना.प्र.प.नं. : ४३५३/१८५१/५६९, जि.प्र.का. रौतहट, जारी मिति : २०४५/०२/१६ | |
| | **धितोको विवरण** | |
| | सोहराई राय यादवको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटमा दर्ता रहेको प्रेमपुर गोनाही - ६, रौतहट स्थित कित्ता नं. ५३४ र १०४ को क्षेत्रफल क्रमश: ०-२-० र ०-१-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| ३. | **नाम : रौनक बेगम मत्सय फर्म**<br>दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग गौर ,रौतहट<br>दर्ता नं. : ४८६५/१८, दर्ता मिति : २०७३/०४/१२<br>संचालक/शेयरधनीहरु/प्रोप्राइटर : शेख हुसनैन<br>**शाखा कार्यालय : गरुडा** | |
| | **ब्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : शेख हुसनैन**<br>बाबुको नाम : शेष मोकदम<br>बाजेको नाम : शेख एनुल<br>ठेगाना : रधुनाथपुर - ४, रौतहट<br>हाल : गरुडा - ९, रौतहट<br>ना.प्र.प.नं. : ३२४<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०५५/०५/०७ | **२. नाम : गुलफन खातुन**<br>पतिको नाम : शेख हुसनैन<br>ससुराको नाम : शेष मोकदम<br>ठेगाना : रधुनाथपुर - ४, रौतहट<br>हाल : गरुडा - ९, रौतहट<br>ना.प्र.प.नं. : ३२२०८३/४७<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६८/०९/०७ |
| | **३. नाम : शेख अप्सर एमाम**<br>बाबुको नाम : शेख हुसनैन, बाजेको नाम : शेष मोकदम<br>ठेगाना : रधुनाथपुर - ४, रौतहट, हाल : गरुडा - ९, रौतहट<br>ना.प्र.प.नं. : ३२२०८३/५००, जि.प्र.का. रौतहट, जारी मिति : २०७२/०७/१९ | |
| | **धितोको विवरण** | |
| | शेख हुसनैनको नाममा मालपोत कार्यालय गरुडामा दर्ता रहेको रधुनाथपुर, रौतहट स्थित कित्ता नं. १०४८, १०१४ र १०४६ को क्षेत्रफल क्रमश: ०-०-८-८, ०-०-१२-८ र ०-०-४-१२ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| | **ऋृणीको विवरण** | |
| ४. | **नाम : रैमल देवी**<br>पतिको नाम : राजेश पंडित, ससुरोको नाम : मिठु पंडित<br>ठेगाना : वरियारपुर - ९, रौतहट, हाल : गढिमाइ - ९, रौतहट<br>ना.प्र.प.नं. : ०३२३०९०/२३०९, जि.प्र.का. रौतहट, जारी मिति : २०६३/१२/०३<br>**शाखा कार्यालय : गरुडा** | |
| | **ब्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : मिठु पंडित**<br>बाबुको नाम : मुना पंडित<br>बाजेको नाम : पलटन पंडित<br>ठेगाना : वरियारपुर - ९, रौतहट<br>हाल : गढिमाइ - ९, रौतहट<br>ना.प्र.प.नं. : ३२/२०५७<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०४५/०१/२८ | **२. नाम : रन्जु कुमारी पंडित**<br>पतिको नाम : उमेश पंडित कुम्हार<br>ससुराको नाम : मिठु पंडित<br>ठेगाना : वरियारपुर - ९, रौतहट<br>हाल : गढिमाइ - ९, रौतहट<br>ना.प्र.प.नं. : १४५८<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/१२/११ |
| | **३. नाम : राम कुमारी**<br>पतिको नाम : मिठु पंडित, ससुराको नाम : पलटन पंडित<br>ठेगाना : वरियारपुर - ९, रौतहट, हाल : गढिमाइ - ९, रौतहट<br>ना.प्र.प.नं. : २१६८, जि.प्र.का. रौतहट, जारी मिति : २०४५/०१/३० | |
| | **धितोको विवरण** | |
| | मिठु पंडितको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको वरियारपुर - ७ क र ९ ख, रौतहट स्थित कित्ता नं. ४६६, ६५३ र ६७७ को क्षेत्रफल क्रमश: ०-०-१५, ०-२-१४१/२ र ०-०-१८१/२ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋृणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८२ असार २३ गते सोमबार कार्यालय समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८२ असार २४ गते मंगलबार ३:०० बजे**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रीय कार्यालयः**
सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६५६,
फ्याक्स नं. ०१-४५१३५२६


## स्याउ बगैंचाभित्र जौ खेती : दोहोरो आम्दानी

मुस्ताङ । मुस्ताङका किसानले स्याउको बगैंचाभित्र अन्तरबाली लगाएर दोहोरो आम्दानी लिने गरेका छन् । यहाँका किसानले स्याउ बगैंचाभित्र विभिन्न खाद्यान्न तथा तरकारीबाली उत्पादन गरेर दोहोरो आम्दानी गर्ने गरेको शीतोष्ण बागबानी विकास केन्द्र मार्फाले जनाएको छ।

यहाँको घरपझोङ, वारागुङ मुक्तिक्षेत्र र थासाङ गाउँपालिकाका किसानले स्याउ बगैंचाभित्र विभिन्न खाद्यान्नबाली तथा तरकारीबाली उत्पादन गरी दोहोरो आम्दानी लिने गरेको केन्द्रका प्रमुख पद्मनाथ आत्रेयले जानकारी दिनुभयो। किसानले स्याउ बगैंचाभित्र उवा, जौ, मकै, फापर, आलु, सिमी, बोडी, बन्दा, काउली, गोलभेडा, खुर्सानीलगायतका हरियो सागसब्जी उत्पादन गर्ने प्रचलन रहेको उहाँले बताउनुभयो।

जिल्लामा उत्पादन हुने स्याउ पतझड फलफूल हो। असोज/कात्तिकमा बगैंचाबाट स्याउ टिपिसकेपछि पात झरेर फागुन महिनासम्म स्याउको बोट उजाड हुने प्रमुख आत्रेयको भनाइ छ ।रासस



## भूमिसुधार तथा मालपोत कार्यालय, धनुषा
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा निवेदक जिल्ला धनुषा गा.वि.स. सोनिगामा वडा नं.९ हाल हंसपुर न.पा. वडा नं.६ मा बस्ने लक्ष्मी मण्डल केवटाको नाती फेरु मण्डलको छोरा भेष कुमार मण्डलले बुवा रै.नं. ४४ फेरुवा मण्डल केवट भने फेरु मरडतको नाउँमा साविक मौजे टिल्ही को सा. कि.नं. १५७ क्षेत्रफल ०-२-८ जग्गा सर्वे नापी हुँदा जि.ध.गा.वि.स.सोनिगामा वडा नं. ८क कि.नं.२८७ क्षेत्रफल ०-२-५-० कायम भई दर्ता गर्न छुट भएको जग्गा सम्बन्धमा फेरु मण्डलको पत्नी म निवेदकको आमा देवकी देवी केवटिनले यस कार्यालयमा द.नं.२५६९६ मिति २०७०/०२/२१ मा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भन्ने व्यहोरा निवेदन दर्ता गराई ३५ दिने हकदावी सम्बन्धी सूचना प्रकाशन भई छुट जग्गा दर्ता गर्ने म्याद सकेकोले दर्ता हुन नसकेकोमा निजको मिति २०७६/०९/२० मा मृत्यु भई निज बुबा आमाको हकभोग खाने सबभन्दा नजिकको हकदार एकमात्र छोरा म निवेदक भेष कुमार मण्डल मात्र भएकोले सो मिसिल सामेल गरी म निवेदकको नाउँमा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी द.नं.१८१७८ मिति २०८१/११/१३ को साग दावी निवेदनको सिलसिलामा दावी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यसमा निवेदकको माग दाबी अनुसारको छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराउँदा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा सरकारी, सार्वजनिक जग्गाको हानी नोक्सानी हुने भए वा यी निवेदकहरू बाहेक अन्य कोही व्यक्ति वा संघसंस्थाको जग्गा भएको चए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफुसंगको सबुत प्रमाण लिई तपसिलमा उल्लेख भएकी जग्गाको दाबि उजुरी गर्ने यस कार्यालयमा आउनु होला। सूचनाको म्याद भित्र दावी उजूरी नपरी स्याद समाप्त भएमा कानुन बमोजिम सई व्यहोरा यसै सूचनाबाट सबैमा सूचित गरिएको छ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कित्ता नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | सोनिगामा | ८क | २८७ | ०-२-५-० | फिल्डबुकको कैफियत महलमा यो जग्गा सोनिगामा बस्ने फेरुवा मण्डलको नम्बरी दर्ता हो। |

# ग्राहक ठग्ने बैंकलाई कारबाही हुनेछ : गभर्नर




**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल राष्ट्र बैंकका गभर्नर विश्वनाथ पौडलेले कुनै पनि बैंकले ग्राहकलाई ठगि गरेको पाइएमा तुरुन्त कारबाही गर्ने चेतावनी दिएका छन् ।

जनकपुरधाममा सोमबार नेपाल उद्योग वाणिज्य महासंघ र बैंक तथा वित्तीय संस्थाका पदाधिकारीहरुसंग छलफल गर्दै गभर्नर डा. पौडेलले ग्राहकलाई समस्यामा पार्ने वा विभिन्न वहानामा ठगि गरेको पाइए सो बैंकलाई बिना कुनै छुठ तुरुन्त कारबाही गर्ने चेतावनी दिए । धनुषाका व्यापारीहरुले विगतमा बैंकहरुले धित्तो राखी ऋण लिएका ऋणीहरुलाई विभिन्न जटिल परिस्थिती उत्पन्न गरी बैंकले धित्तो निलाम गरेको गुनासो गरेपछि गभर्नर डां पौडेलले यस्तो निर्देशन दिए ।

सो छलफलमा धनुषाका व्यवसायीहरुले कम रकमको ऋण लिन आउने साना व्यवपारी तथा किसानलाई बैंकले वास्ता नगर्ने गरेको गुनासो पोखेका थिए । सो कुरामा गभर्नर डा. पौडेलले गम्भीरता जनाउँदै बैंकहरुलाई जोसुकै ऋण लिन आउने ग्राहकलाई स-सम्मान व्यवहार गर्न निर्देशन दिए । उनले बैंकहरुलाई ऋण लिन आउने जोसुकैसंग राम्ररी व्यवहार गर्न र ग्रामिण भेगका किसान र अशिक्षित ग्राहकहरुका लागि विशेष दोभाषे बैंकमा व्यवस्था गर्न निर्देशन दिए ।

सो छलफलका क्रममा मिटरब्याजका समस्या न्युनीकरण गर्न सरकारले अपनाएका कदमहरु राम्रो भए पनि ग्रामीण भेगमा बसोबास गर्ने गरिब जनताहरुलाई विवाह भोज भतेरका लागि ऋण पाउन झनै गाह्रो भएको निष्कर्ष निकालिएकोमा गभर्नर डा. पौडेलले यसको समाधानका लागि सरकारले थप नीति बनाउन आवश्यक रहेको धारणा राखे ।

सो छलफलमा बैंकहरुका प्रतिनिधिहरुले मधेश प्रदेशमा ऋण लिनेको संख्या भन्दा ऋण लिएर तिर्न नसक्नेको संख्या बढी भएको गुनासो गरेका थिए ।

# 'दलतन्त्र विरूद्ध न्यायप्रेमी आम नागरिक एक जुट होऔँ'

**टुडे समाचारदाता**

रौतहट । आम जनता पार्टीका अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले किसानलाई मलखाद नदिएर सरकारले अपराध गरिरहेको बताएका छन् ।

रौतहटको कटहरियामा सोमबार बसेको आजपाको रौतहट जिल्लाको विशेष बैठकमा बोल्दै पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष साहले अहिले धानबाली लगाउने समयमा मल नदिएर सरकारले किसानलाई जिउँदै मारिरहेको बताए ।

'अहिले धानबाली लगाउने महत्वपूर्ण समय छ । यो कुरा सरकारमा बस्नेहरूलाई पनि थाहा छ । किसान अहिले मलखाद, विउबिजनको जोहो गरिरहेका छन् । तर यो अन्धो सरकारले किसानको पिडा देखिरहेको छैन । किसानमारा सरकारलाई किसानको आशुले पोल्छ,' आजपा अध्यक्ष साहले भने, 'किसानलाई मलखाद, बिउविजन उपलब्ध गराउने जिम्मेवारी केन्द्रीय सरकारको हो, तर किसानको बारेमा गफ मात्रै दिइरहेको छ मलखाद उपलब्ध गराउन सकेको छैन ।'

किसानहरू अहिले मलखाद नपाएर छटपटाइरहेको बताउँदै उनले प्रधानमन्त्री केपी शर्मा ओलीसँग किसानलाई मल किन उपलब्ध नगराएको भन्दै प्रश्न समेत गरे । उनले भने, 'के किसानलाई जिउँदै मार्दा तपाई (ओली)लाई पोलिरहेको छैन ? किसानको आशुले पोल्छ ।'

किसानलाई मलखाद उपलब्ध गराउने केन्द्रीय सरकारले मल उपलब्ध गराउन नसकेको तर किसानले एक दुई बोरा मल भारतबाट ल्याउँदा सीमामा बस्ने प्रहरीले पक्राउ गरेर बहादुरी देखाइरहेको टिप्पणी साहले गरे । जनताको समस्या, जनताको चाहना नबुझेको वर्तमान सरकार पूर्णरुपमा असफल भइसकेको उनले बताए ।

बिचौलियाले बनाएको गठबन्धन र वर्तमान सरकारका कारण बिचौलियाहरू नै खुसी देखिएको बताउँदै उनले किसान, सर्वसाधारण निराश भएको बताए । बिचौलियाका लागि काम गरिरहेको यो सरकारलाई किसानलाई मलखाद उपलब्ध गराउने बारेमा सोच्ने फुर्सत समेत नभएको टिप्पणी उनले गरे । उनले लुटकारी दलतन्त्रका विरुद्धमा न्यायप्रेमी जनता एवं दलहरू एकजुट हुनुपर्ने अहिलेको आवश्यकता भएको बताए । बिचौलिया, भगौडावर्गको पक्षपोषण गरिरहेको यो सरकारले दलीय सिन्डिकेट लागु गरेर लुट मच्चाएको आरोप साहले लगाए । लुटकारी दलतन्त्रको विरुद्धमा एकजुट भएर अगाडी नबढे मुलुक धराशायी बन्दै जाने उनले बताए ।




> “किसानलाई मलखाद, बिउविजन उपलब्ध गराउने जिम्मेवारी केन्द्रीय सरकारको हो, तर किसानको बारेमा गफ मात्रै दिइरहेको छ मलखाद उपलब्ध गराउन सकेको छैन ।”

बैठकले सङ्गठन निर्माण, बिस्तारका साथै किसानलाई मलखाद, बिउबिजन उपलब्ध गराउन सङ्घर्ष गर्ने निष्कर्ष निकालेको छ ।

आजपा रौतहट जिल्लाका इन्चार्ज धर्मेन्द्र पटेलको अध्यक्षतामा भएको कार्यक्रममा समिना हुसैन, त्रिभुवन साह, सियाराम कुशवाहा, उमेश कुशवाहा लगायतका नेताहरूको विशेष सहभागिता रहेको थियो ।

# निलम्बित मेयर भरत थापा ५० लाख धरौटीमा रिहा



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको बागमती नगरपालिकाका निलम्बित मेयर भरतबहादुर थापा धरौटीमा रिहा भएका छन् । सर्लाही जिल्ला अदालतका न्यायाधीश जीवनकुमार भण्डारीको इजलासले उनलाई ५० लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश दिएको हो ।

थापामाथि अवैध रूपमा ढुंगा, गिटी र बालुवा उत्खनन गरी वन ऐनको उल्लंघन गरेको आरोप लागेको छ ।

उनीमाथि ४७ लाख घनमिटरभन्दा बढी वन पैदावारमा क्षति पुर्याएकोआरोपसहित १ अर्ब ४७ करोड ३९ लाख ४३ हजार ३३७ रुपैयाँ ४५ पैसाको बिगो दाबी गरिएको थियो ।

सो प्रकरणमा मेयर थापासहित उपप्रमुख लीला कुमारी मुक्तान, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेल, तत्कालीन लेखा अधिकृत विश्वराज पोखरेल, इन्जिनियर सागर पौडेल र जिल्ला समन्वय समिति सर्लाहीका तत्कालीन प्रमुख मेथुर चौधरीविरुद्ध पनि मुद्दा दायर गरिएको थियो ।

# अदालतले माग्यो सांसद अमरेश सिंहको अडियो-भिडियो प्रमाण

**टुडे समाचारदाता**

काठमाण्डु । परराष्ट्रमन्त्री डा. आरजु राणाले दायर गरेको गाली बेइज्जतीको मुद्दामा जिल्ला अदालत काठमाडौंले सांसद डा. अमरेशकुमार सिंहले गाली बेइज्जती गरेको भनिएको अडियो-भिडियो प्रमाण मगाउने आदेश दिएको छ ।

जिल्ला न्यायाधीश बालकृष्ण वाग्लेको एकल इजलासले सोमबार यो महत्त्वपूर्ण आदेश जारी गरेको हो। डा. राणाले गत फागुनमा सांसद सिंहविरुद्ध गाली बेइज्जतीको मुद्दा दर्ता गरेकी थिइन्। यसअघि अदालतले सिंहलाई उक्त अडियो र भिडियो एकपटक सुनेर स्पष्टीकरण पेस गर्न आदेश दिएको थियो, जसअनुसार सिंहले आफ्नो स्पष्टीकरण अदालतमा बुझाइसकेका छन् ।

सांसद सिंहको स्पष्टीकरण पेस भएपछि न्यायाधीश वाग्लेको इजलासले सोमबार उक्त अडियोभिडियो प्रमाण अदालतमा पेस गर्न र त्यसलाई सुनेर थप निर्णय गर्ने आदेश दिएको छ ।

# नगरपालिकाका कर्मचारी धर्नामा

**टुडे समाचारदाता**

राजविराज।सप्तरीकोराजविराज नगरपालिकामा कर्मचारीहरुमाथि कुटपिट, गालीगलौज तथा दुर्व्यवहार गर्नेमाथि कारबाहीका माग गर्दै तेस्रो दिन पनि धर्ना जारी राखेको छ ।



यसका साथै कार्यालयमा कामकाज गर्न सुरक्षित वातावरणको माग गर्दै राजविराज नगरपालिकाका कर्मचारीहरुले थालेको आन्दोलन तेस्रोदिनपनिजारीराखेकाछन्।नेपाल नगरपालिका कर्मचारी एशोसिएसन राजविराज नगरपालिका इकाइ समितिको नेतृत्वमा शुक्रबार देखि जारी पेन डाउनसहित धर्ना कार्यक्रमलाई कर्मचारीहरुले सोमबार समेत निरन्तरता दिएका छन् ।

कर्मचारी आन्दोलनमा उत्रिएपछि नगरपालिकाको कामकाज पूर्ण रुपले ठप्प हुँदा सेवाग्राही मर्कामा परेका छन् ।

दोषीलाई कानून बमोजिम कारबाही गरी आगामी दिनमा कार्यस्थलको सुरक्षाको प्रत्याभूति दिलाउन, काम गर्ने सहज वातावरण बनाउन एवम् भयमुक्त वातावरणमा सेवा प्रवाह सुनिश्चितता गराउन माग गर्दै पेन डाउन गर्दै राजविराज नगरपालिका अगाडि कर्मचारीहरु धर्ना बसेका छन् ।

नेपाल नगरपालिका कर्मचारी एशोसिएसन राजबिराज नगरपालिका ईकाइ समितिका अध्यक्ष कल्पना देवले घटनाको दोषीलाई कानून बमोजिम कारबाही गरी आगामी दिनमा कार्यस्थलको सुरक्षाको प्रत्याभूति दिलाउन, सेवामा काम गर्ने सहज वातावरण बनाउन एवम् भयमुक्त वातावरणमा सेवा प्रवाह सुनिश्चितता गराउन माग गरिन् ।

नगरपालिकाका लेखा अधिकृत शत्रुधनलाल दासले ब्यक्तिगत रुपमा असुरक्षित रहेको बताउँदै सुरक्षाको ग्यारेन्टी नहुन्जेल काम नफर्किने बताए । उनले आफूमाथि संघातिक हमला गरी २ तोलाको सुनको सिक्री समेत लुटपाट गरेको बताए ।

“उक्त घटनाले हामी सम्पूर्ण कर्मचारीहरु असुरक्षित भएका छौं निर्धक्क भई जनताको सेवा प्रवाह गर्ने अवस्थामा छैनौं” उनले भने, 'सुरक्षाको प्रत्याभूति तथा क्षतिपूर्तिको ग्यारेन्टी नभएसम्म काममा फर्किदैनौं ।'

उनले हालसम्म ११ महिनाको अवधीमा ११ प्रतिशत मात्र विकासीय योजनाहरु सम्पन्न भएको र करिब ३८ देखी ४० प्रतिशतसम्म योजनाहरु संचालनमा रहेको जानकारी समेत दिए ।

उनले जनताको कामकाजमा आफू बाधक नभएको भन्दै दोषी माथि कारबाही र कामकाज गर्न भयमुक्त वातावरण नभएसम्म काममा नफर्किने अडान राखेका छन् ।

जेठ २७ गते मंगलबारका दिन नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको हाजरी गराउने सम्बन्धमा भइरहेको आन्दोलनको क्रममा राजविराज नगरपालिकाका निलम्वित मेयर भिमराज यादव, राजविराज नगरपालिकाका योजना शाखा प्रमुख मनोज कुमार यादव, आन्दोलनकारी सुधिर यादव लगायतका व्यक्तिहरुको समूहले राजविराज नगरपालिकाका कर्मचारीहरुलाई पूर्वग्राही तथा सुनियोजित रुपमा गालीगलौज तथा कुटपिट गरिएको आरोप छ ।

# नक्कली प्रमाणपत्र पेश गर्ने सव-इञ्जिनियरविरुद्ध मुद्दा

**टुडे समाचारदाता**

राजविराज । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले शैक्षिक योग्यताको नक्कलीप्रमाणपत्रपेशगरीसरकारी सेवा प्रवेश गरेको आरोपमा एक जना सव-इञ्जिनियरविरुद्ध विशेष अदालत काठमाण्डुमा मुद्दा दायर गरेको छ ।

तिलाठी कोइलाडी गाउँपालिका, सप्तरीमा गाउँ कार्यपालिका कार्यालयमा सव-इञ्जिनियर (प्राविधिक सहायक) पदमा करार नियुक्ति पाएका दिपेन्द्र कुमार झा भनिने दिपेन्द्र कुमारले नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी सेवा प्रवेश गरेको पाइएपछि आयोगले उनलाई कानुनी कारबाहीको दायरामा ल्याएको छ ।




आयोगले जनाए अनुसार झाले त्रिभुवन विश्वविद्यालय, इन्स्टिच्युट अफ इन्जिनियरिङ, वेस्टर्न रिजन क्याम्पस, लमाचौर पोखराबाट डिप्लोमा इन सिभिल इन्जिनियरिङ पास गरेको भनी नक्कली “एकेडमिक ट्रान्सक्रिप्ट“ तथा “क्यारेक्टर सर्टिफिकेट“ पेश गरी करार नियुक्ति लिएका थिए । उनले यस्ता नक्कली कागजातमार्फत सरकारी ओहोदा, लाभ र सुविधा प्राप्त गरेको आयोगको अनुसन्धानबाट पुष्टि भएको छ।

सोही आधारमा आयोगले उनलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुन माग गर्दै विशेष अदालतमा आरोपपत्र दायर गरेको छ । यसबारे आयोगका सहायक प्रवक्ता देवी प्रसाद थपलियाले जानकारी दिँदै नक्कली प्रमाणपत्रमार्फत सरकारी सेवा प्रवेश गर्नेलाई कानुनी कठघरामा ल्याउने अभियान अन्तर्गत यो कारबाही गरिएको बताए ।


## विपदको पूर्व तयारी गरौं

- सम्भावित जोखिमको मूल्यांकन गरौं,
- भूकम्प, बाढी, आगोलागी जस्ता सम्भावित विपदको बारेमा सचेत बनौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालिन योजना बनाऔं,
- घर परिवार र छिमेकीहरुसंग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाना,पानी,प्राथमिकउपचारबक्स,टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं,
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

“विपदको सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं”

नेपाल सरकार
विज्ञापन बोर्ड


# यातायात कार्यालय कलैयामा छड्के



**टुडे समाचारदाता**

बारा । मधेश प्रदेशका श्रम तथा यातायात मन्त्री कौशलकिशोर यादवले कलैयास्थित यातायात व्यवस्था कार्यालय, बारामा व्यापक जनगुनासोपछि आकस्मिक छड्के अनुगमन गरेका छन् ।

कार्यालय प्रमुख र कर्मचारीहरू समयमा उपस्थित नहुने तथा सेवा प्रवाहमा ढिलासुस्ती गर्ने गरेको भन्दै सेवाग्राहीबाट चर्को विरोध र असन्तुष्टि बढेपछि मन्त्री यादवले यो कदम चालेका हुन्। मन्त्री यादवसँगै नेपाली कांग्रेस बाराका सचिव राजेश रौनियार र नेपाल पत्रकार महासंघ बाराका अध्यक्ष रमेश सुवेदी पनि अनुगमनमा सहभागी थिए ।

लामो समयदेखि यातायात कार्यालयमा सेवाग्राहीले सास्ती भोग्दै आएका थिए । कर्मचारीहरू समयमा नआउने, ढिलासुस्ती गर्ने र सेवाग्राहीलाई अनावश्यक कुरामा अल्झाउने गरेको गुनासो व्यापक थियो। यस विषयमा मन्त्रालय र मन्त्रीको ध्यानाकर्षण भएपछि मन्त्री यादवले जनताको आवाज सुनेर तत्काल आवश्यक कदम चालेका छन् ।अनुगमनका क्रममा मन्त्री यादवले कार्यालयको अवस्था र कर्मचारीहरूको कार्यशैलीबारे जानकारी लिएका थिए । उनले समयमै कार्यालय नआउने र सेवा प्रवाहमा ढिलासुस्ती गर्ने कर्मचारीहरूमाथि आवश्यक कारबाही गरिने चेतावनी दिए ।

सेवाग्राहीहरूले मन्त्रीको छड्के अनुगमनपछि आगामी दिनमा कलैयास्थित यातायात व्यवस्था कार्यालयको सेवा प्रवाहमा सुधार आउने र आफूहरूले सहज रूपमा सेवा पाउन सक्ने अपेक्षा गरेका छन् ।

# मोटरसाइकल चोरी गर्ने गिरोह पक्राउ

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको बर्दिबासबाट चोरी भएको मोटरसाइकलसहित एक गिरोहलाई प्रहरीले पक्राउ गरेको छ ।

मोटरसाइकल चोरी गर्ने गिरोहका चार जनालाई महोत्तरी प्रहरीले पक्राउ गरेको छ। विगत एक महिनामा बर्दिबासबाट पटकपटक गरी चोरी भएका बजाज कम्पनीका पल्सर मोटरसाइकल र चोरीमा संलग्नहरूलाई महोत्तरी प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ ।



चोरी भएको मोटरसाइकलसहित महोत्तरी प्रहरीले सर्लाही हरिवन-१० का ३२ वर्षीय दिलबहादुर सिङदोङ, वाग्मती नगरपालिका-४ का २१ वर्षीय पदम थिङ, मकवानपुर बाग्मती गाउँपालिका-७ का २६ वर्षीय पासाङ तितुङ र सर्लाही वाग्मती नगरपालिका-४ का २२ वर्षीय सुरेश घिसिङलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । सर्लाहीको हरिवन, वाग्मती र रौतहटबाट चोरी भएका मोटरसाइकल चोरहरूलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको पनि जनाइएको छ।

२०७२ जेठ ११ गते सिटी केयर अस्पतालअगाडि पार्किङ गरिएको लु.प्र.०१-००६प.०८२५ नम्बरको कालो-रातो रङको २२० सिसीको पल्सर, जेठ १९ गते बर्दिबास-१४ हमाल टोलबाट मधेस प्रदेश ०२-००८प.८८६८ नम्बरको २२० सिसीको कालो-रातो रङको पल्सर, हमाल टोलकै पर्शुराम महतोको घरअगाडिबाट जेठ २४ गते चोरी भएको २२० सीसीको अनटेस्ट पल्सर, तथा सोही दिन बर्दिबास-१४ रिसोना गल्लीमा पार्किङ गरिएको १५० सीसीको अनटेस्ट पल्सर मोटरसाइकलसमेतसहित चोरीमा संलग्नहरूलाई प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ ।

बर्दिबासमा निरन्तर रुपमा मोटरसाइकल चोरीका घटना हुन थालेपछि नियमित गस्ती, सादा पोशाकमा प्रहरी परिचालन, सीसीटीभी क्यामराबाट निगरानी बढाउनुका साथै बर्दिबास मेकानिकल इन्जिनियरिङ एन्ड पार्ट्स संघ र मोटरसाइकल मर्मत ग्यारेज सञ्चालकहरूसँग समन्वय गरी चोरी भएको मोटरसाइकलको खोजी र चोरीमा संलग्नलाई पक्राउ गरिएको जनाएको छ ।

प्रारम्भिक अनुसन्धानमा मोटरसाइकल चोरीका मुख्य योजनाकार मकवानपुर बाग्मती गाउँपालिका-७ का २६ वर्षीय पासाङ तितुङ रहेको खुलेको छ। रौतहटको चन्द्रनिगाहपुरमा डेरा लिएर बस्दै आएका तितुङले बर्दिबासमा मोटरसाइकल चोरीको योजना बनाउने गरेका थिए। चोर हरूबाट मोटरसाइकलको लक तोड्ने साँचोसमेत महोत्तरी प्रहरीले बरामद गरेको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८